सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

११ फागुन २०८०, शुक्रबार (23 Feb 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३०५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

नागरिकको जीवनमाथि खेलबाड नगर्न सरकारलाई एमालेको चेतावनी



एमालेले नागरिकको जीवनमा खेलबाड नगर्न सरकारलाई चेतावनी दिएको छ। बैठकले प्रहरीद्वारा अन्धाधुन्ध बल प्रयोगका कारण ललितपुरको बालकुमारीमा दुई र सर्लाहीको बरहथवामा एकजना युवाले अनाहकमा ज्यान गुमाएको भन्दै दोषीलाई कारबाही गर्न, मृतकका परिवारलाई राहत र क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको छ।

क्रिकेटर सन्दीपले थुनामा नबसी मुद्दा लड्न पाउने



उच्च अदालत पाटनले क्रिकेटर लामिछानेलाई थुनामा नरही मुद्दाको कामकारबाहीमा संलग्न हुन पाउने आदेश दिएको छ। फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिम उनलाई उक्त सुविधा दिएको हो।

(विस्तृत पृष्ठ ३ मा)

बंगलादेशसँग पिपिए दरमा जुटेन सहमति



प्राधिकरणको प्रस्ताव मूल्य महँगो भएको बंगलादेशको प्रतिक्रिया, भारतसँग लिएबराबर मूल्य नै लिने नेपालको अडान

(विस्तृत पृष्ठ ६ मा)

सावित्राको कीर्तिमानी ५०औँ अन्तर्राष्ट्रिय गोल



वाफ महिला च्याम्पियनसिपमा सावित्राले बिहीबार इराकविरुद्ध पाँच गोल गर्दै व्यक्तिगत ५०औँ अन्तर्राष्ट्रिय गोल मात्र गरिनन्, नेपाललाई सेमिफाइनलमा समेत पुऱ्याइन्

(विस्तृत पृष्ठ ८ मा)



किसानले पाएनन् दुध बिक्री गरेको ६ अर्ब

सरकारी स्वामित्वको डिडिसीले तिर्नुपर्ने मात्रै दुई अर्बभन्दा धेरै, एउटै जिल्लाका किसानको ६० करोड बक्यौता

■ ठूलो रकम बक्यौता रहँदा साना किसानलाई घरखर्च धान्नै गाह्रो, व्यावसायिक पशुपालन गर्ने किसान बैंकको किस्ता तिर्न र पशुआहारा खरिद गर्नसमेत नसक्ने अवस्थामा

■ सोमबारदेखि किसान आन्दोलनमा उत्रिँदै



किसानले दुध बिक्री गरेको पैसा ६ महिनादेखि पाएका छैनन्

● अमर कुँवर, अध्यक्ष
राष्ट्रिय दुग्ध किसान सहकारी संघ लिमिटेड



किसानको बक्यौता दिलाउन प्रयास गरिरहेका छौं

● डा. रेवतीरमण पौडेल, सचिव
कृषि तथा पशुपक्षी विकास मन्त्रालय



डिडिसीले दुध उठाइरहेको छ, निजी क्षेत्रले दायित्व पूरा गरेनन्

● सञ्जीव झा, महाप्रबन्धक, डिडिसी

अजित अधिकारी/नयाँ पत्रिका

देशभरका किसानले दुध बिक्री गरेको ६ अर्बभन्दा धेरै रकम पाएका छैनन्। जसमध्ये सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी) ले तिर्नुपर्ने मात्रै दुई अर्बभन्दा बढी रहेको राष्ट्रिय दुग्ध किसान सहकारी संघ लिमिटेडले जनाएको छ। सरकारी र अधिकांश निजी डेरी उद्योगले गत असोजदेखि किसानलाई दुधको पैसा दिएका छैनन्।

डिडिसीलाई ३० करोड सहुलियत ऋण दिँदै सरकार

दुध बिक्रीको ठूलो रकम बक्यौता रहँदा साना किसानलाई घरखर्च धान्नै गाह्रो भएको छ भने

» पृष्ठ २ मा क्रमशः



फाइल तस्बिर

■ यी २१ जिल्लाका किसानले मात्रै पाउन बाँकी छ
३ अर्ब ५ करोड ९५ लाख

जिल्ला	डिडिसी र निजी उद्योगले तिर्नुपर्ने बक्यौता
पूर्वी नवलपरासी	६० करोड
चितवन	५२ करोड
काभ्रे	५० करोड
मकवानपुर	४० करोड
इलाम	२५ करोड
ललितपुर	१४ करोड
धनकुटा	१० करोड
रूपन्देही	९ करोड
रौतहट	८ करोड ५० लाख
तेह्रथुम	६ करोड
बर्दिया	६ करोड
पश्चिम नवलपरासी	५ करोड
तनहुँ	५ करोड
बाँके	४ करोड
सप्तरी	३ करोड ५ लाख
दाङ	२ करोड
कास्की	२ करोड
सुनसरी	१ करोड १० लाख
महोत्तरी	एक करोड ५ लाख
पाल्पा	१ करोड
सुर्खेत	८० लाख

स्रोत : सम्बन्धित जिल्ला दुग्ध सहकारी संघ

बजार नपाएर किसान सडकमा दुध पोख्न बाध्य
तर, ६ महिनामा एक अर्ब ३३ करोडको दुधजन्य पदार्थ आयात

मुलुक दुधमा आत्मनिर्भर भएको घोषणा भए पनि वार्षिक दुई अर्ब रुपैयाँभन्दा बढीको दुधजन्य पदार्थ आयात भइरहेको छ। भन्सार विभागका अनुसार चालू आर्थिक वर्ष ०८०/८१ को ६ महिना (साउनदेखि पुस)मा एक अर्ब ३३ करोड ३९ लाख रुपैयाँबराबरको दुध तथा दुधजन्य पदार्थ आयात भइसकेको छ। सबैभन्दा धेरै पाउडर दुध एक अर्ब एक करोडको आयात भएको छ। यो अवधिमा १० लाख ३७ हजार किलो धुलो दुध आयात भएको छ। यसरी आयात भएको धुलो दुधको ठूलो परिमाण ठूला होटेलको भान्सा र गेस्ट रुममा खपत हुने गरेको छ। त्यस्तै, १९ लाख ९३ हजार रुपैयाँबराबरको चार हजार पाँच सय ३७ लिटर कच्चा दुध आयात भएको छ। घिउ, बटर, पनिरलगायतका पदार्थ ३२ करोड २० लाखबराबरको आयात भएको छ। गत आव ०७९/८० मा भने कुल दुई अर्ब ३८ करोडबराबरको दुध तथा दुग्ध पदार्थ आयात भएको भन्सार विभागले जनाएको छ।

■ किसानको बक्यौता तत्काल भुक्तानी गर्न सांसदहरूको माग



रास्वपा सभापति रवि लामिछाने | एमाले सांसद राजेन्द्रकुमार राई | माओवादी सांसद माधव सापकोटा

काठमाडौं/ सांसदहरूले दुग्ध किसानको बक्यौता तत्काल भुक्तानी गर्न सरकारसँग माग गरेका छन्। प्रतिनिधिसभाको बिहीबारको बैठकमा बोल्दै उनीहरूले चितवनलगायतका स्थानमा भुक्तानी नपाएर किसानले सडकमा दुध पोख्न बाध्य भएको भन्दै समस्या समाधान गर्न ध्यानाकर्षण गराएका हुन्।

रास्वपा सभापति रवि लामिछानेले किसानको समस्यालाई नजरअन्दाज नगर्न चेतावनी दिए। 'मेरो निर्वाचन क्षेत्र (चितवन) र देशैभरका दुग्ध किसान र महकिसान मारमा परेका छन्, दुध पोखेर बसिरहेका छन्। अर्कोतिर पाउडरको दुध र नक्कली मह, विदेशबाट आयातित महले स्थान पाएको छ। किसान आन्दोलनलाई नजरअन्दान गऱ्यो भने किसानले सरकार ढाल्नेसम्मको क्षमता राख्छन्, होसियार हुनुहोला,' उनले भने।

एमाले सांसद राजेन्द्रकुमार राईले किसानको बक्यौता तत्काल भुक्तानी दिन सरकारको ध्यानाकर्षण गराए। 'धनकुटामा ८५ प्रतिशत किसानको समस्या अहिले जटिल बनेको छ। गाईभैंसी पाल्ने र जीविकोपार्जन गर्ने किसानले भदौ महिनादेखि पैसा पाएका छैनन्। उनीहरूले १० करोड पैसा पाउनुपर्नेछ,' उनले भने, 'अनि सरकार चुपचाप छ। मैले धेरैपटक कृषिमन्त्रीलाई भेटेर निवेदन गरेँ। तर, उहाँ चुपचाप हुनुहुन्छ।'

माओवादी सांसद माधव सापकोटाले दुग्ध किसानको समस्या तत्काल हल गर्न माग गरे। 'नेपालमा सहरको पैसा गाउँ-गाउँमा लैजाने र आत्मनिर्भर हुँदै गरेको दुग्ध व्यवसाय अहिले गम्भीर संकटमा छ। गाईभैंसी पालेर दुध बेचेर गर्जो टार्ने किसान गम्भीर मारमा छन्,' उनले भने, 'तर, डिडिसीले भदौदेखिको रकम भुक्तानी गरेको छैन। सडकमा हाल दुध मात्रै पोखिएको छ, सर्वसाधारणको आक्रोश पोखियो भने सरकारले थेग्न सक्नेछैन। त्यसैले वेलैमा ध्यान आकर्षित होस्।'

चार महिनापछि त्रिविले पायो उपकुलपति

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा प्रा.डा. केशरजंग बराल नियुक्त भएका छन्। छनोट प्रक्रियाबाट छानिएका तीनजनामध्ये दोस्रो नम्बरमा रहेका बरालललाई विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बिहीबार नियुक्त गरेका हुन्। यसअघि धर्मकान्त बाँस्कोटाको कार्यकाल सकिएपछि १७ कात्तिकदेखि उपकुलपति पद रिक्त थियो।

उपकुलपति छनोटका लागि शिक्षामन्त्री अशोककुमार राईको अध्यक्षतामा शिक्षासचिव सुरेश अधिकारी र त्रिवि सभाका सदस्य उपप्राध्यापक चन्द्रकला घिमिरे सदस्य रहेको सिफारिस समिति गठन गरिएको थियो। त्रिविले दरखास्त आह्वान गरेपछि उपकुलपतिका लागि ४३ जनाले आवेदन दिएका थिए। त्यसमध्ये ४२ जनाको आवेदन रुजु भएको थियो भने एकजनाको मापदण्ड नै नपुगेर अस्वीकृत भएको थियो। छनोट प्रक्रिया सुरु भएपछि समितिले ४२ जनामध्येबाट १४ जनाको 'सर्टलिस्ट' सार्वजनिक गरेको थियो। त्यसबाट

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



■ नवनियुक्त उपकुलपति बराल भन्छन्- **त्रिविको शैक्षिक सत्रलाई ट्र्याकमा ल्याउँछु**

तपाईसँग त्रिभुवन विश्वविद्यालय सुधार्ने योजना के-के छन् ?

मुख्यतः मैले तीनवटा विषयलाई प्राथमिकतामा राखेको छु। जसमा त्रिविको क्यालेन्डर लागू गरेर शैक्षिक सत्रलाई ट्र्याकमा ल्याउने, परीक्षाफल समयमा प्रकाशन गर्ने र पाठ्यक्रम अद्यावधिक गर्ने। त्रिविको सबैभन्दा ठूलो समस्या भनेको शैक्षिक क्यालेन्डर हो। यो क्यालेन्डर सच्चियो भने त्रिवि आधाजसो सुधिन्छ। अब त्रिविको क्यालेन्डर ट्र्याकमा आउँछ।

यसअघिका उपकुलपतिहरूले पनि नियुक्त हुँदा यही एजेन्डा उठान गरेका थिए, तर क्यालेन्डर सच्याउन सकेनन्, तपाईले सुधार्नुहुन्छ भन्ने के आधार छ ?

त्रिविको क्यालेन्डर सुधार गर्न उपकुलपतिलाई सबैले सहयोग गर्नुपर्छ। क्यालेन्डर सुधियो भने मात्रै त्रिवि सुधिन्छ। जस्तोसुकै अवस्था आए पनि म क्यालेन्डर सच्याउनतिर लाग्छु। त्रिविको समस्या भनेको क्यालेन्डर पनि हो।

त्रिविमा विद्यार्थीको आकर्षण घट्दो छ, पठनपाठन पनि खस्कँदो छ, कसरी सुधार गर्नुहुन्छ ?

मेरो विचारमा त्रिविको क्यालेन्डर लागू गरेर शैक्षिक सत्रलाई ट्र्याकमा ल्याउने हो भने विद्यार्थी आकर्षण बढ्छ। अहिले त्रिविमा विद्यार्थीले खेपेको मुख्य समस्या भनेको परीक्षाफल समयमा प्रकाशन नहुनु पनि हो। चारवर्षे कार्यक्रमलाई ६ वर्षसम्म लगाइएको छ। यसो गर्दा विद्यार्थीको भविष्य अन्योलमा परेको छ। त्यसकारण क्यालेन्डर मात्रै सुधार गर्न सकियो भने विद्यार्थीको आकर्षण बढ्न सक्छ।



कांग्रेस महासमिति बैठक सकियो, विवाद फेरि केन्द्रीय समितिमै फर्कियो

गठबन्धनको निरन्तरता, सहकारी बचतकर्ता, मिटरब्याज र लघुवित्तपीडितका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण



● मीन विश्वकर्मा, संयोजक, प्रचारप्रसार उपसमिति

बन्द सत्रमा प्रस्तुत प्रस्तावमा सहभागी सदस्यहरूबाट अत्यन्तै महत्त्वपूर्ण सुझावहरू प्राप्त भएका छन्। प्राप्त सुझावका आधारमा केन्द्रीय कार्यसमितिले परिमार्जनसहित अन्तिम रूप दिने गरी सबै प्रतिवेदन महासमिति बैठकबाट सर्वसम्मतिले पारित भएका छन्।

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

तीन दिनको बहसपछि आसन्न निर्वाचनमा गठबन्धन गर्ने वा नगर्ने भन्ने विषय केन्द्रीय समितिबाट निर्णय गर्ने भन्दै कांग्रेस महासमिति बैठक सकिएको छ। पेस भएका पाँचवटै प्रस्तावमा सहभागीबाट आएका सुझावका आधारमा केन्द्रीय समितिबाट परिमार्जनसहित पारित गर्ने गरी बिहीबार महासमिति बैठक सकिएको हो।

» पृष्ठ २ मा क्रमशः



चार महिनापछि...

पृष्ठ १ बाट क्रमशः

पनि आइतबार उत्कृष्ट तीनजनाको नाम सिफारिस गरिएको थियो। तीनजनामध्येबाट दोस्रो नम्बर रहेका प्रा.डा. बराललाई प्रधानमन्त्रीले उपकुलपति नियुक्त गरेका हुन्।

सर्टलिस्टमा परेका १४ जना प्रतिस्पर्धीमध्ये समितिले अंकभार तथा मापदण्डका आधारमा आइतबार क्रमशः चित्रबहादुर बुढाथोकी, केशरजंग बराल र टंकनाथ धमलाको नाम सिफारिस गरेको थियो। बुढाथोकीले ७८, बरालले ७७ र धमलाले ७६ अंकभार ल्याएका थिए।

को हुन् बराल ?

पाल्पा पिपलडाँडामा ०१४ मा जन्मिएका प्रा.डा. बराललले ४० वर्षभन्दा बढी शिक्षण पेसामा काम गरेका छन्। ०६४ देखि ०६८ सम्म उनी पोखरा विश्वविद्यालयमा उपकुलपति थिए। त्यहाँ उपकुलपतिको कार्यकाल सकिएपछि उनी त्रिभुवन विश्वविद्यालयमै अध्यापन गराउन फर्किएका थिए। उनी ०७७ मा त्रिविबाट सेवानिवृत्त भएका थिए। त्यसपछि पनि शिक्षण पेसामै आबद्ध थिए। प्रारम्भिक शिक्षा पाल्पामै गरेका उनले त्रिभुवन विश्वविद्यालयबाट व्यवसाय प्रशासन र वाणिज्यमा स्नातकोत्तर गरेका छन्। उनले दिल्ली विश्वविद्यालयबाट वित्त व्यवस्थापन अध्ययन संकायमा पिएचडी गरेका छन्।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८० साल फागुन महिना ११ गते शुक्रबार)

यस विकास बैंक लि.को तपसिलका शाखा कार्यालयहरुबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अर्न्तगत लिएको कर्जाको सावाँ, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण सावाँ, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको सावाँ, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१. शाखा कार्यालय : गगनगौंडा शाखा — **कर्जा शिर्षक : व्यावसायिक आवधिक कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **आरती फर्निचर उद्योग** प्रोप्राइटरको नाम : कमला अधिकारी प्रो.फ.न.घ.उ.वि. : ५६२८ (०६४/०६५) दर्ता मिति : २०६४/०६/०२ जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय कास्की, पोखरा स्थायी लेखा नं. : ६०१५१३५९० रजिष्टर्ड ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ११	१. नाम : **कमला अधिकारी** बाबुको नाम : जानकी प्रसाद लामिछाने पतिको नाम : खेमराज अधिकारी ससुराको नाम : भरत प्रसाद अधिकारी स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ११ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ ना.प्र.नं. : १०२४९८ जारी मिति र जिल्ला : २०५७/०१/२३,, कास्की

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **रुकादेवि अधिकारी** पतिको नाम : भरत प्रसाद अधिकारी ससुराको नाम : गुरुदत्त अधिकारी स्थायी ठेगाना : कास्की जिल्ला बेगनास गा.वि.स. वडा नं. ७ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ ना.प्र.नं. : २६०१८ जारी मिति र जिल्ला : २०५१/०३/०६, कास्की	३. नाम : **खेमराज अधिकारी** बाबुको नाम : भरत प्रसाद अधिकारी बाजेको नाम : गुरुदत्त अधिकारी स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ११ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ ना.प्र.नं. : ८०९७२ जारी मिति र जिल्ला : २०५५/१२/३०, कास्की
४. नाम : **सुजिता अधिकारी** बाबुको नाम : खेमराज अधिकारी बाजेको नाम : भरत प्रसाद अधिकारी ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ ना.प्र.नं. : ४६-०२-७६-०१४८६ जारी मिति र जिल्ला : २०७६/०५/२९, कास्की	५. नाम : **आरती अधिकारी** बाबुको नाम : खेमराज अधिकारी बाजेको नाम : भरत प्रसाद अधिकारी स्थायी ठेगाना : कास्की जिल्ला लेखनाथ न.पा. वडा नं. ११ हालको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३१ ना.प्र.नं. : ४६-०१-७२-०७१८७ जारी मिति र जिल्ला : २०७२/०९/०६, कास्की

२. शाखा कार्यालय : पार्वतिपुर शाखा — **कर्जा शिर्षक : आवास तथा व्यक्तिगत कर्जा**

ऋणीको विवरण
नाम : **सिता गुरुङ** बाबुको नाम : बिरख बहादुर गुरुङ पतिको नाम : प्रेम गुरुङ ससुराको नाम : कर्म बहादुर गुरुङ स्थायी ठेगाना : कास्की जिल्ला हंशपुर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा वडा नं. १५ ना.प्र.नं. : ४६१०६०/१९५ जारी मिति र जिल्ला : २०६५/१०/२०, कास्की

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
१. नाम : **चिज कुमारि गुरुङ** बाबुको नाम : मंगल बहादुर घले पतिको नाम : राज कुमार गुरुङ ससुराको नाम : मिन बहादुर गुरुङ स्थायी ठेगाना : गोरखा जिल्ला पालुङटार गा.वि.स. वडा नं. ४ हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १५ ना.प्र.नं. : ४४-०१-७५-०३९९४ जारी मिति र जिल्ला : २०७५/०५/२२, गोरखा	२. नाम : **प्रेम गुरुङ** बाबुको नाम : कर्म बहादुर गुरुङ बाजेको नाम : धनविर गुरुङ स्थायी ठेगाना : कास्की जिल्ला पोखरा लेखनाथ म.न.पा. वडा नं. २९ हालको ठेगाना : चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १५ ना.प्र.नं. : ४३२१३ जारी मिति र जिल्ला : २०५३/०१/१३, कास्की

३. शाखा कार्यालय : लाहान शाखा — **कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
नाम : **मनोज कोइराला** बाबुको नाम : इन्द्र बहादुर क्षेत्री बाजेको नाम : बल बहादुर स्थायी ठेगाना : सिराहा जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. २ हालको ठेगाना : सिराहा जिल्ला लहान न.पा. वडा नं. १३ ना.प्र.नं. : १५१००४/३३ जारी मिति र जिल्ला : २०६५/०१/०९, सिराहा	१. नाम : **इन्द्र बहादुर क्षेत्री** बाबुको नाम : बल बहादुर बाजेको नाम : भक्त बहादुर स्थायी ठेगाना : सिराहा जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. २ हालको ठेगाना : सिराहा जिल्ला लहान न.पा. वडा नं. १३ ना.प्र.नं. : १००५२५४०-१४३० जारी मिति र जिल्ला : २०३४/१०/०३, सिराहा

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
२. नाम : **भगवती क्षेत्री** बाबुको नाम : नरसिंह बहादुर पतिको नाम : इन्द्र बहादुर क्षेत्री ससुराको नाम : बल बहादुर स्थायी ठेगाना : सिराहा जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सिराहा जिल्ला लहान न.पा. वडा नं. १३ ना.प्र.नं. : १००५२५४१-२८३ जारी मिति र जिल्ला : २०४४/०६/२५, सिराहा	३. नाम : **सरोज कोइराला** बाबुको नाम : इन्द्र बहादुर क्षेत्री बाजेको नाम : बल बहादुर स्थायी ठेगाना : सिराहा जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. २ हालको ठेगाना : सिराहा जिल्ला लहान न.पा. वडा नं. १३ ना.प्र.नं. : १००५२२७९ जारी मिति र जिल्ला : २०५०/१०/०४, सिराहा
४. नाम : **शोभा रेग्मी** बाबुको नाम : जनारदन रेग्मी पतिको नाम : सरोज कोइराला ससुराको नाम : इन्द्र बहादुर क्षेत्री स्थायी ठेगाना : उदयपुर जिल्ला त्रियुगा गा.वि.स. वडा नं. १३ हालको ठेगाना : सिराहा जिल्ला लहान न.पा. वडा नं. १३ ना.प्र.नं. : ६२३४२ जारी मिति र जिल्ला : २०६०/०३/०४, उदयपुर	५. नाम : **निरोज कोइराला** बाबुको नाम : इन्द्र बहादुर क्षेत्री बाजेको नाम : बल बहादुर स्थायी ठेगाना : सिराहा जिल्ला बस्तीपुर गा.वि.स. वडा नं. २ हालको ठेगाना : सिराहा जिल्ला लहान न.पा. वडा नं. १३ ना.प्र.नं. : ३२५२/१०२ जारी मिति र जिल्ला : २०५३/०५/११, सिराहा
६. नाम : **सुस्मिता कार्की** बाबुको नाम : भेषराज कार्की पतिको नाम : निरोज कोइराला ससुराको नाम : इन्द्र बहादुर क्षेत्री ठेगाना : सिराहा जिल्ला लहान न.पा वडा नं. १३ ना.प्र.नं. : १५२००५/२०८११ जारी मिति र जिल्ला : २०७३/०१/०६, सिराहा	७. नाम : **इन्दिरा कुमारी राउत** बाबुको नाम : बिष्णु बहादुर राउत पतिको नाम : मनोज कोइराला ससुराको नाम : इन्द्र बहादुर क्षेत्री स्थायी ठेगाना : उदयपुर जिल्ला त्रियुगा गा.वि.स. वडा नं. ८ हालको ठेगाना : सिराहा जिल्ला लहान न.पा वडा नं. १३ ना.प्र.नं. : ५८०५१ जारी मिति र जिल्ला : २०५९/०७/१३, उदयपुर

४. शाखा कार्यालय : बत्तिसपुतली शाखा — **कर्जा शिर्षक : अटो कर्जा**

ऋणीको विवरण	व्यक्तिगत धनजमानीकर्ताको विवरण
नाम : **शिवहरि खड्का** बाबुको नाम : धनबहादुर खड्का बाजेको नाम : रत्न बहादुर खड्का स्थायी ठेगाना : रामेछाप जिल्ला साँघुटार गा.वि.स. वडा नं. ५ हालको ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२ ना.प्र.नं. : ७६२४६ जारी मिति र जिल्ला : २०६२/११/२६, रामेछाप	नाम : **धन बहादुर खड्का** बाबुको नाम : रत्न बहादुर खड्का बाजेको नाम : नैन सिं खड्का स्थायी ठेगाना : रामेछाप जिल्ला साँघुटार गाउँ पञ्चायत वडा नं. ५ हालको ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३२ ना.प्र.नं. : १७५ जारी मिति र जिल्ला : २०४२/१०/०१, रामेछाप

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Central Office: Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

किसानले...

पृष्ठ १ बाट क्रमशः

व्यावसायिक पशुपालन गर्ने किसान बैंकको किस्ता तिर्न र पशुआहारा खरिद गर्नसमेत नसक्ने अवस्थामा पुगेका छन्। त्यसमाथि खपत घटेको भन्दै उद्योगीले किसानको दुध सस्तोमा पनि उठाउन आनाकानी गरिरहेका छन्। त्यसको विरोधस्वरूप एक साताअघि (आइतबार) मात्रै चितवनका किसानले सडकमै दुध पोखेर आन्दोलन गरेका छन्।

व्यावसायिक पशुपालन गर्ने फार्मबाट दैनिक औसतमा ७५ लिटरसम्म दुध बिक्री हुने गरेको राष्ट्रिय दुग्ध किसान सहकारी संघ लिमिटेडको तथ्यांक छ। 'एकजना व्यावसायिक किसानको ६ महिनायता करिब १२ लाख जति बक्यौता बसेको छ,' अध्यक्ष अमर कुँवरले भने, 'दैनिक चार-पाँच लिटर दुध बिक्री गर्ने साना किसानको पनि एक लाखभन्दा बढी बक्यौता भइसकेको छ।'

देशभर करिब ६ लाख दुग्ध किसान छन्। त्यसमध्ये करिब पाँच लाख साना किसान हुन्। किसानले चार प्रतिशत चिल्लो पदार्थ र आठ प्रतिशत ठोस पदार्थ भएको दुध अहिले प्रतिलिटर ६५ रुपैयाँमा दुध बिक्री गर्दै आएका छन्।

७७ मध्ये ६५ जिल्लाका किसानले दुध बिक्री गरेको रकम पाउन सकेका छैनन्। सबैभन्दा धेरै पूर्वी नवलपरासीका किसानको ६० करोड बक्यौता छ। चितवनका किसानको ५५ र काभ्रे किसानको ५० करोड उठ्न बाँकी रहेको जिल्लास्थित दुग्ध उत्पादक सहकारी संघहरूले जनाएका छन्। त्यस्तै, मकवानपुरका निजी उद्योग र डिडिसीले किसानको ४० करोड तिर्न बाँकी छ। दुध उत्पादन हुने सबै जिल्लामा अहिले डिडिसी र निजी क्षेत्रका उद्योग मिलेर किसानको शोषण गरिरहेका छन्। 'डिडिसीले सात महिना र निजीले पाँच महिनादेखि बक्यौता राखेका छन्। कहिले दिने भन्ने पनि टुंगो छैन,' जिल्ला दुग्ध सहकारी उत्पादक संघ मकवानपुरका अध्यक्ष हरिप्रसाद कँडेलले भने, 'सबैतिरबाट किसानलाई मार्ने काम भयो।'

बक्यौता नउठ्दा किसानका समस्या बढ्दै गएको संघले जनाएको छ। 'देशभरका दुध किसानको अवस्था नाजुक भइसक्यो। गाई-भैंसीलाई आहारा खुवाउने पैसासमेत नभएर उधारो राखेको धेरै भयो। अब उधारोसमेत नपाउने स्थिति बनेको छ,' संघका केन्द्रीय अध्यक्ष कुँवरले भने। पछिल्लो समय डेरी उद्योगले दुध नै खरिद नगरेर झन् सास्ती दिन थालेको उनले बताए। 'पशुपालन गरेका किसानको प्रमुख आम्दानी नै दुध बिक्रीबाट प्राप्त हुने रकम हो, तर डेरी उद्योगले दुध नै किन्न नमान्ने अवस्था आएपछि विकराल अवस्थामा छौं,' उनले भने।

पूर्वनवलपरासीको गायत्री डेरीले किसानहरूलाई सबैभन्दा धेरै सास्ती दिएको छ। यो उद्योगले दूध संकलन गर्ने, तर पैसा नदिने गरेको छ। 'नवलपरासीका किसानहरू सबैभन्दा बढी गायत्री डेरीबाट पीडित छन्,' दुग्ध उत्पादक सहकारी संघ पूर्वी नवलपरासीका अध्यक्ष गोपाल श्रेष्ठले भने, 'यो डेरीले पैसा दिन कुनै चासो दिएको छैन। गायत्री डेरीको मात्रै करिब १० करोड रुपैयाँ बक्यौता पुगिसकेको छ।' नवलपरासीबाट डिडिसीसहित सीताराम डेरी, नेपाल डेरी, हिमालय डेरी, सैंजु डेरी, हेटौंडा डेरीलगायत करिब २० वटा निजी क्षेत्रका उद्योगले दैनिक करिब ५० हजार लिटरसम्म दूध संकलन गर्दै आएका छन्।

दूधका लागि उर्वर मानिने चितवनमा किसानहरूले डिडिसीबाट २० करोड र निजी डेरीहरूबाट ३२ करोड उठाउन बाँकी छ। चितवनमा ४० हजारभन्दा बढी पशुपालक किसान नियमित रूपमा दूध उत्पादनमा सक्रिय छन्। त्यस्तै, काठमाडौं उपत्यकाका उपभोक्तालाई सबैभन्दा धेरै दूध आपूर्ति गर्ने काभ्रेका किसानले डिडिसीबाट २० करोड र निजी डेरी उद्योगहरूबाट ३० करोड पाउन बाँकी छ। जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष नारायणप्रसाद बडालका अनुसार बक्यौता उठाउन बारम्बार ताकेता गर्दै आए पनि किसानले पाउन सकेका छैनन्।

इलाममा डिडिसीको नौ करोड र निजी क्षेत्रको १६ करोड गरेर किसानको २५ करोड बक्यौता छ। डिडिसीले भदौदेखि एक रुपैयाँ पनि भुक्तानी नदिएको जिल्ला दुग्ध उत्पादक संघका अध्यक्ष हेम कट्टेलले बताए। उनका अनुसार दैनिक तीन लाख लिटरसम्म दूध संकलन हुने गरेको छ। त्यसमध्ये करिब ५५ हजार लिटर डिडिसीलाई दिने गरेकामा भुक्तानी रोकेपछि किसानहरूले पछिल्लो समय दैनिक पाँच हजार लिटर मात्रै पठाइरहेका छन्।

दुग्ध उत्पादक सहकारी संघ धनकुटाका अध्यक्ष नारदबहादुर कटवालका अनुसार डिडिसीको १० करोड बक्यौता बाँकी छ। १५ साउनयता डिडिसीबाट किसानले दूधको पैसा पाएका छैनन्। तनहुँका किसानले पाँच करोड रुपैयाँभन्दा बढी बक्यौता पाउन बाँकी रहेको जिल्ला दुग्ध सहकारी संघका व्यवस्थापक राजु भुजेलले बताए।

सप्तरीका किसानले असारदेखि दूध बिक्री गरेको पैसा नपाएको जिल्ला दुग्ध सहकारी संघका अध्यक्ष दीपेन्द्र आचार्यले जानकारी दिए। 'चार करोड ५० लाख रुपैयाँ बक्यौता थियो। केही समयअघि एक करोड मूल्यबराबरको दाना ल्याएर किसानलाई वितरण गरिएको छ,' उनले भने, 'अब ३.५ करोड रुपैयाँ पाउन बाँकी छ।'

पश्चिम नवलपरासी दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष पूर्णप्रसाद तिमिल्सिनाका अनुसार पाँच महिनादेखि डिडिसीले किसानको भुक्तानी दिएको छैन। जिल्लाबाट दैनिक ३० हजार लिटर दूध संकलन हुने गरेको छ। संघको पाल्पा अध्यक्ष रामजी घिमिरेले किसानको कात्तिकयताको एक करोड बक्यौता रहेको बताए। 'असोजको पैसा भर्खरै हालिदियो, अब कात्तिकदेखिको बाँकी छ,' उनले भने, 'जिल्ला प्रशासन कार्यालयबाट दबाब भएपछि पैसा पाएका हौं। थप पैसा कहिले आउने भन्ने टुंगो छैन।'

बुटबलस्थित डिडिसीको लुम्बिनी दुग्ध वितरण आयोजनाले किसानबाट दूध संकलन गर्न छाडेको दुग्ध उत्पादक सहकारी संघ, रुपन्देहीका अध्यक्ष लेखनाथ पाण्डेले बताए। 'डिडिसीले यहाँका किसानको दूध संकलन गरेको छैन, जसकारण हामी किसान ठूलो मर्कामा परिरहेका छौं,' उनले भने। डिडिसीको लुम्बिनी कार्यालयले रुपन्देही, बाँके, बर्दिया र दाङका किसानलाई मात्रै ११ करोड तिर्न बाँकी छ।

किन घटिरहेको छ दुधको खपत ?
के भन्छन्– डिडिसी र निजी उद्योग

सरकार स्वामित्वको दुग्ध विकास संस्थान डिडिसीले गोदाममा एक अर्ब १० करोडबराबरको पाउडर र बटर मौज्दात रहेको दाबी गरेको छ। त्यही कारण किसानको भुक्तानी समयमा गर्न नसकेको उसको भनाइ छ। 'सात-आठ महिनादेखि गोदाममा भण्डारण गरेर राख्दा नगदको अभाव भएको छ। जसकारण किसानलाई दुध खरिद गरेको पैसा दिन सकिएको छैन,' महाप्रबन्धक सञ्जीव झाले भने।

किसानले भनेजस्तो दुई अर्बभन्दा बढी बक्यौता भने नरहेको महाप्रबन्धक झाको दाबी छ। 'हामी मासिक ३५ करोड रुपैयाँको दुध खरिद गर्छौं,' उनले भने, 'दुध र दुग्ध पदार्थ बिक्री हुँदा प्रत्येक १५ दिनमा किसानलाई रकम भुक्तानी गर्ने गरिएको थियो, तर अहिले बजारमा बिक्री घटेकाले पैसा अभावमा किसानलाई रकम दिन सकेका छैनौं। करिब ९० करोडजति बक्यौता पुगेको छ।'

त्यस्तै, पाउडर प्लान्ट बन्द हुँदा पनि किसानबाट दुध संकलन घटेको डिडिसीको दाबी छ। जाडो मौसममा दुध उत्पादन बढी हुने गर्छ, तर खपत भने घट्ने गर्छ। त्यसैले खपतभन्दा बढी उत्पादन भएको दुधलाई पाउडर बनाएर राख्नका लागि चितवन मिल्क र सुजल डेरीले निजी क्षेत्रबाट उद्योग खोलेका छन्। तर, यी दुवै उद्योगमा पाउडर उत्पादन धेरै भएर बन्द गरिएको छ। विराटनगरमा डिडिसीमातहत रहेको पाउडर प्लान्ट पनि उत्पादन धेरै भएर गोदाममा राख्ने ठाउँ अभाव भइसकेको महाप्रबन्धक झाले बताए।

डेरी एसोसिएसनका पूर्वअध्यक्ष तथा सीताराम गोकुल मिल्कका सञ्चालक सुमित केडियाले लम्बिँदै गएको आर्थिक मन्दीका कारण उपभोक्ताको क्रयशक्ति कमजोर भएकाले दुध तथा दुग्ध पदार्थको खपतमा कमी आएको बताए। 'अहिले दुग्ध पदार्थ उपभोग गर्ने उपभोक्ताको क्रयशक्तिमा नै कमी आएको छ,' उनले भने, 'जब कि, पछिल्ला वर्षहरूमा दुध उत्पादनमा भने उल्लेख्य सुधार भएको छ। खपत क्षमता वृद्धिमा कसैले जोड दिएन। त्यसैले पनि अहिले किसानको दुध बिक्रीमा समस्या भइरहेको छ।'

त्यस्तै, दुध तथा दुग्ध पदार्थ उपभोग गर्ने सहरी क्षेत्रका उपभोक्ताहरू बिदेसिने प्रवृत्ति बढेकाले पनि खपतमा कमी आएको केडियाले बताए। नियमित रूपमा दुध खपत वृद्धि गर्न सेना, प्रहरी र सशस्त्रको मेसमा नियमित रूपले दुग्ध पदार्थको उपभोगलाई अनिवार्य गर्ने नीति लागू गर्नुपर्ने उनको भनाइ छ।

डिडिसीलाई ३० करोड रुपैयाँ सहुलियत ऋण दिँदै सरकार

सरकारी कोषबाट दुग्ध विकास संस्थान (डिडिसी)लाई ३० करोड रुपैयाँ सहुलियत ऋण उपलब्ध गराउने प्रक्रिया अघि बढेको छ। दुध किसानको बक्यौता चुक्ता गर्न रकम अभाव भएको र गोदाममा एक अर्ब १० करोडबराबरको दुग्ध पदार्थ मौज्दात रहेको दाबी गर्दै डिडिसीले सरकारबाट छोटो समयका लागि ३० करोड सहुलियतपूर्ण ऋण मागेको थियो। कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा. रेवतीरमण पौडेलले डिडिसीको प्रस्ताव अर्थ मन्त्रालयमा पठाइएको र निर्णय हुने प्रक्रियामा रहेको बताए।

'गोदाममा अर्ब बढीको सामान बिक्री नभई मौज्दात रहेको अवस्थामा सरकारी कोषबाट सहुलियतपूर्ण ऋण उपलब्ध गराउने प्रक्रिया अघि बढेको छ,' पशुपक्षीतर्फका सचिव डा. पौडेलले भने, 'यो रकम आयो भने किसानको बक्यौता भुक्तानी गर्न केही सजिलो होला।' संस्थानहरूलाई छोटो समयका लागि तीन प्रतिशत ब्याजदरमा सरकारी रकम ऋणबापत उपलब्ध गराउने सरकारको नीति नै छ। यद्यपि, लक्ष्यअनुसार राजस्व संकलनमा आएको कमीका कारणले यतिवेला सरकारी कोषमा पनि पर्याप्त मौज्दात भने छैन।

६ महिनादेखि किसानले दुधको पैसा पाएका छैनन्

● **अमर कुँवर, अध्यक्ष, राष्ट्रिय दुग्ध किसान सहकारी संघ लिमिटेड**

दुध किसानले असोजदेखिको पैसा पाउन बाँकी छ। ६ अर्ब रुपैयाँभन्दा बढी बक्यौता कहिले पाउने भन्ने टुंगो छैन। पछिल्लो समय त किसानको दुध नै नकिन्नेसम्मका काम हुन थालेका छन्। पशुपालन गरेका किसानले ६ महिनादेखि दुध बेचेको पैसा नपाउँदा पीडा भइरहेका वेला अहिले त दुध बिक्री गर्ने ठाउँसमेत नपाउँदा थप प्रताडित हुनुपरेको छ। बजारमा दुध र दुधजन्य पदार्थको बिक्री पनि भइरहेको देखिन्छ, तर किसानको पैसा यति लामो समयदेखि नपाउने कारण के हो, बुझ्न सकिएको छैन।

किसानको बक्यौता दिलाउन प्रयास गरिरहेका छौं

● **डा. रेवतीरमण पौडेल, सचिव, कृषि तथा पशुपक्षी विकास मन्त्रालय**

दुध र दुग्ध पदार्थको बिक्री घटेका कारण डेरी उद्योगमा दुई हजार मेट्रिक टन धुलो दुध र तीन हजार मेट्रिक टन बटर थन्किएर बसेको जानकारी आएको छ। उद्योगहरूसँग चालू पुँजीको अभाव भई किसानलाई दुधको पैसा भुक्तानी गर्न समस्या भएको हो। मन्त्रालयका तर्फबाट किसानको बक्यौता छिटो भुक्तानी दिलाउन ताकेता गरिरहेका छौं। तर, धेरै किसानले असोजदेखिकै दुध बिक्री गरेको पैसा नपाएको गुनासो गरिरहेका छन्।

डिडिसीले दुध उठाइरहेको छ, निजी क्षेत्रले दायित्व पूरा गरेनन्

● **सञ्जीव झा, महाप्रबन्धक, डिडिसी**

डिडिसीले नियमित रूपमा दुध संकलन गरिरहेको छ। चितवनमै पनि संकलन केन्द्रबाट नियमित दुध उठाइरहेका छौं। तर, निजी क्षेत्रका डेरी उद्योगले पहिलेको तालिकाअनुसार दुध संकलन नगर्दा डिडिसीलाई भार परिरहेको छ। चितवनमा मात्रै हामीले ३० हजार लिटर र देशभर एक लाख ४० हजार लिटरसम्म दुध संकलन गरिरहेका छौं। यसरी उठाएको सबै दुध बिक्री नहुँदा बजारबाट पैसा उठ्न नसकी किसानलाई भुक्तानी गर्न सकिएको छैन। डिडिसीमातहतका किसानलाई ९० करोड रुपैयाँजति पैसा दिन बाँकी छ। किसानलाई पशुआहारासमेत डिडिसीबाटै उपलब्ध गराई बक्यौता रकमबाट कट्टा गर्ने व्यवस्था मिलाइरहेका छौं।

कांग्रेस महासमिति...

पृष्ठ १ बाट क्रमशः

महासमिति बैठकमा सबैभन्दा बढी चर्चा र चासोमा आसन्न निर्वाचनमा गठबन्धन गर्ने वा नगर्ने भन्ने थियो। महामन्त्री गगन थापाले आगामी निर्वाचनमा आफ्नै ताकतमा एक्लै लड्ने र गठबन्धन नगर्ने प्रस्ताव ल्याएका थिए। तर, अर्का महामन्त्री विश्वप्रकाश शर्माले गठबन्धन रणनीति विषय भएकाले यसबारे अहिले निर्णय गर्न आवश्यक नरहेको प्रस्ताव पेस गरेका थिए।

सभापति शेरबहादुर देउवासहित संस्थापन पक्षका नेता गठबन्धनबारे अहिले निर्णय लिन आवश्यक नरहेको पक्षमा थिए। यसैका आधारमा महासमिति बैठकमा सुझाव दिनेहरूले गठबन्धनबारे तत्कालीन आवश्यकताका आधारमा निर्णय लिन सुझाएका छन्। महासमिति बैठकका सुझावका आधारमा केन्द्रीय समितिबाट निर्णय हुनेछ, जहाँ दुवै पक्षले आफ्नो प्रस्तावअनुकूल निर्णय गराउन पहल गर्नेछन्। महासमितिको बैठकमा उपसभापति पूर्णबहादुर खड्काले नीति प्रस्ताव, महामन्त्री थापाले सांगठनिक र महामन्त्री शर्माले पेस गरेको समसामयिक राजनीतिक प्रस्ताव कांग्रेसको नीति, सांगठनिक कार्ययोजना र समसामयिक सन्दर्भमा स्पष्ट दृष्टिकोण निर्माण गरेको महासमिति बैठकपछि जारी विज्ञप्तिमा छ। 'बन्द सत्रमा प्रस्तुत प्रस्तावमा सहभागी सदस्यहरूबाट अत्यन्तै महत्त्वपूर्ण सुझावहरू प्राप्त भएका छन्। प्राप्त सुझावहरूका आधारमा केन्द्रीय कार्यसमितिले परिमार्जनसहित अन्तिम रूप दिने गरी तीनवटै प्रस्ताव महासमितिको यो बैठक सर्वसम्मतिले पारित गर्दछ,' बैठकपछि प्रचारप्रसार उपसमिति संयोजक मीन विश्वकर्माद्वारा जारी विज्ञप्तिमा छ। कांग्रेसले महासमिति बैठकमार्फत संक्रमणकालीन न्यायका विषय चाँडै टुंग्याउने प्रतिबद्धता व्यक्त गरेको छ।

गठबन्धनको निरन्तरता

सत्तागठबन्धनमा हेरफेरका आशंका टुंग्याउँदै कांग्रेसले हालकै गठबन्धनको निरन्तरतामै जोड दिएको छ। कांग्रेसको महत्त्वपूर्ण उपस्थितिसहित निर्माण भएको त्यसैगरी बैठकले किसान, सहकारी बचतकर्ता, मिटरब्याज र लघुवित्तपीडितहरूले भोग्दै आएको पीडालाई अविलम्ब समाधान गरी पीडितलाई न्याय दिलाउन सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ।

समापनमा कसले के भने ?

कांग्रेस सभापति शेरबहादुर देउवाले महासमिति बैठकमा पेस भएका प्रस्तावहरू सदस्यको सुझावका आधारमा परिमार्जनसहित केन्द्रीय समितिबाट पारित हुने बताए। 'कांग्रेसले आठ दशकदेखि अनुकूल वा प्रतिकूल अवस्थामा देशको राजनीतिमा भूमिका खेलिरहेको छ। कांग्रेसलाई वैचारिक रूपमा अनुशासित ऊर्जावान् बनाउन महासमिति बैठक ऐतिहासिक महत्त्वको बनेको छ,' उनले भने, 'यहाँ आएका सुझावहरू समावेश गरेर केन्द्रीय समितिले परिमार्जन गर्ने गरी प्रस्ताव पारित भएका छन्। आगामी केन्द्रीय समितिले प्रतिवेदन परिमार्जन गर्नेछ,' उनले भने। उनले वर्तमान गठबन्धन सरकारको प्रमुख घटकका रूपमा सुशासनलाई निरन्तर दिन सुझाव आएको बताए।

उपसभापति पूर्णबहादुर खड्काले महासमिति बैठक कांग्रेस र मुलुकका लागि महत्त्व राख्ने बताए। 'हामी सरकारमा छौं, प्रभावकारी महासमितिको सुझावअनुसार सुधार गर्न र सच्याउन जरुरी छ। हामी नौजनाले सरकारमा गएर आजसम्म साथीहरूको शिर झुकाउने गरी गलत काम गरेका छैनौं,' उनले भने, 'बरु भ्रष्टाचार निवारण जनसेवामा प्रयास गरेका छौं, कमजोरी सच्याउने प्रयास गरेका छौं।'

अर्का उपसभापति धनराज गुरुङले महासमिति बैठकसँगै कांग्रेसले नीतिगत स्पष्टता दिएकाले एजेन्डा र विचारमा परिष्कृत भएर अघि बढ्न आवश्यक रहेको बताए। उनले लाभका पदमा रहेका सबैको सम्पत्ति छानबिन हुनुपर्ने मागसमेत राखे। 'एक-अर्कालाई गाली गरेर घर अग्लो बनाउन सकिँदैन। अरूको घर भत्किएला र मेरो घर अग्लो देखिएला भनेर बस्नुहुँदैन। राजनीतिको घर अग्लो बनाउन सिद्धान्त एजेन्डा र विचार परिष्कृत हुनुपर्छ,' उनले भने, 'लाभका पदमा पुगेका सबैको सम्पत्ति छानबिन गरौं, तब यत्तिकै अग्लो घर बन्छ। गठबन्धन गर्ने कि नगर्ने भनेर झगडा गरेर हुन्छ ?'

महामन्त्री गगन थापाले कांग्रेसले महासमितिबाट सरकारमा रहेको समय सदुपयोग गरेर आगामी निर्वाचनका लागि आधार तयार गर्नुपर्ने म्यान्डेट आएको बताए। उनले ०४६ सालपछि सार्वजनिक पदमा रहेका व्यक्तिको सम्पत्ति छानबिन होस् भनेर संसद्मा कांग्रेसले प्रस्ताव पेस गर्नुपर्ने र काम गर्न नसक्ने मन्त्रीहरूलाई फिर्ता बोलाउनुपर्ने धारणा राखे। 'हामी ०८४ मा सरकारमा जान्छौं होइन। अहिले नै सरकारमा छौं। अहिले गरेका काम देखाएर झन् बढी मत ल्यायौं, फेरि सरकारमा जाऔं। कांग्रेस एक्लै लड्न सक्छ भन्ने हुति राखेर जानुपर्छ,' उनले भने, 'काम गर्न नसकेका मन्त्रीलाई विश्राम दिऔं। फिर्ता बोलाऔं।'

महामन्त्री विश्वप्रकाश शर्माले कांग्रेसबाट दुईपटकभन्दा बढी प्रधानमन्त्रीमा कसैले शपथ नलिने बताए। महासमिति बैठकले यी विषय पारित गरिसकेको उनको भनाइ थियो। 'महासमितिमा धेरै विषयमा छलफल भयो। देशको स्थिति र परिस्थितिको विषयमा छलफल भयो, मन माझामाझ भयो। अहिले एकढिक्का भएका छौं। महासमिति बैठकले सुशासन र समुन्नतिको बाटोमा एकढिक्का भएर छलफल गरेको थियो। यससँगै हामीले अबको १५ वर्षको बाटो कोरेका छौं,' उनको भनाइ थियो।

नेता डा. शेखर कोइरालाले कांग्रेस रूपान्तरणमा अविचलित यात्रा जारी रहेको बताए। 'महासमिति बैठकले नवीन कांग्रेस बनाउने संकल्प थप बलियो बनाएको छ। आमजनतामा यो देशमा केही हुँदैन भन्ने न्यारेटिभ छ। यसलाई चिर्न पार्टी संगठन व्यापक रूपमा परिचालन हुनुपर्छ। त्यसका लागि लागौं,' उनले भने।

कांग्रेसका पूर्वमहामन्त्री कृष्ण सिटौलाले देशलाई सही दिशामा लैजान सक्ने तागत कांग्रेससँग मात्रै भएको बताए। 'हामी उत्साह लिएर फर्कँदै छौं। हामीबीच एकता भएको छ। अलिअलि भएको मतभेद पनि हटेको छ। यो बैठकले धेरै विषयमा मन्थन गरेको छ। कांग्रेसले धेरै चुनौतीको सामना गरेको छ। सबै चुनौती पन्छाएर लोकतान्त्रिक समाज बनाउने बुद्धि, तागत सबै कांग्रेससँग छ,' उनले भने, 'देशलाई सही दिशामा लैजान सक्ने तागत कांग्रेससँग मात्रै छ। संविधानलाई बचाउने र संविधानको माध्यमबाट जनताको अधिकार सुनिश्चित गर्न हामी सक्षम छौं।'

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा
मधेश प्रदेश, जनकपुरधाम

बोलपत्र स्वीकृतिको आशय सम्वन्धि सूचना

प्रकाशन मितिः २०८०/११/११

यस इकाईवाट प्रकाशित सार्वजनिक सूचना बमोजिम म्यादभित्र रितपूर्वक प्राप्त हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

S. N.	Contract No.	Description of Work	Name and address of bidder	Bid amount (w/o VAT)
1	FPIU/Dhanusha / Works/NCB/12-2080/81	Road and drain improvement works at Balwa-Demanma Road Section, Ward no. 6 of Balwa Bazar- Roza Bazar- Padaul Road, Balwa New Town, Mahottari.	Das Nirman Sewa, Janakpurdham-11, Dhanusha	95,31,219.00
2	FPIU/Dhanusha / Works/NCB/13-2080/81	Construction and Beautification works at Bagewa Dihibar, Laxminiya Rural Municipality-6, Dhanusha.	Adore Construction Malangwa-10 Sarlahi	45,96,095.33

काठमाडौं आइपुगेका मिटरब्याजपीडित भन्छन्-

सरकारसँग सम्झौता भयो, कार्यान्वयन भएन

टेकराज थामी/नयाँ पत्रिका

२३ दिने पैदलयात्राले उठाएको पैतालाका ठेला महोत्तरी भंगाहा नपा -३ की ४० वर्षीया सन्यचिरी मुसहरका लागि जति पीडादायी छ, त्योभन्दा कम छैन स्थानीय साहुकार र लघुवित्तले दिएको पीडा। पाँच वर्षअघि उनले साहुकार कौशल यादवसँग ३० हजार रुपैयाँ मात्रै ऋण लिएकी थिइन्। तर, साहुकार यादवले उनलाई दुई लाख १७ हजार रुपैयाँ असुल्न दबाब दिन थाले। दबाब थेगिनसक्नुभयो। उनी गाउँकै लघुवित्तमा पुगिन्। दुई लाख रुपैयाँ ऋण लिइन्। उक्त रकम लगेर साहुकार यादवलाई दिइन्। केही दिन त उनले राहतको सास लिइन्। तर, समस्या तब सुरु भयो, जब उनले लघुवित्तको चर्को किस्ता तिर्न सकिनन्। लघुवित्तका कर्मचारी अहिले दैनिकजसो घरमा आइरहेका छन्। घर खाली गर्न दबाब दिइरहेका छन्। पुर्ख्यौली सम्पत्तिको नाममा उनीसँग चार धुरमा बनेको घरबाहेक केही छैन। त्यही पनि लघुवित्तले खान आँटेपछि समस्याको पहाड बनेर उनको सामुन्ने खडा भएको छ। फागुनको ठिहीमा थानकोटस्थित पार्कमा भेटिएकी उनले भनिन्, 'साहुकारसँग ३० हजार मात्रै लिएका थियौँ। तर, उसले दुई लाख १७ हजार असुल्यो। गाउँको लघुवित्तबाट ऋण गरेर साहुकारको चित्त त बुझायौँ। तर, लघुवित्तले दिएको पीडा त्योभन्दा चर्को छ।'

सर्लाही लालबन्दी नपा-४ की ४५ वर्षीया रुक्मणी चौधरीले साहुकार श्याम परदेशीबाट चार लाख ५० हजार रुपैयाँ ऋण लिएकी थिइन्। यसबापत उनले ६ कट्ठा जमिन दृष्टिबन्धक राखेकी थिइन्। पटक-पटकको दबाबपछि दृष्टिबन्धकमा राखिएको जग्गा फिर्ता गर्न परदेशी तयार भए। जिल्ला प्रशासन कार्यालय सर्लाहीमा दुई पक्षबीच कागज पनि भयो। तर, जग्गा अझै नामसारी भएको छैन।

त्रिभुवन पार्कस्थित खुला टहरोमा कठ्यांग्रिरहेकी उनले भनिन्, 'श्याम परेदेशीसँग चार लाख ५० हजार ऋण लिएका थियौँ। उक्त ऋण पहिले नै चुक्ता गरेका हौँ। तर, दृष्टिबन्धकमा राखिएको जग्गा फिर्ता भएन। सिडिओ कार्यालयमा उजुरी दियौँ। दबाबपछि जग्गा फिर्ता गर्न राजी भयो, कागजात पनि गरियो। तर, जग्गा नामसारी गर्न अझै मानिरहेको छैन।' पीडित चौधरीका अनुसार परदेशीका छोरा सुयज साहले अवरोध खडा गरिरहेका छन्। जग्गा फिर्ता गर्न सहमति पनि जनाए। तर, कार्यान्वयन अझैसम्म गरेका छैनन्। उनले भनिन्, 'परदेशीलाई प्रहरीले पक्राउ गरे पनि उनको छोराको ज्यादती रोकिएन। उनले मिल्न भन्दै पीडितलाई दबाब दिए।'

सुनसरी मधेली गापा- १ का चन्दु चौधरीको पीडा भने अन्यको भन्दा भिन्न छ। उनले स्थानीय महाजन दीपराज दाहालको जग्गा वर्षौंदेखि कमाउँदै आएका थिए। उनलाई स्थानीय प्रशासनले सोही जग्गा कमाएबापत मोहियानी हक भन्दै तीन बिघा तीन कट्ठा दिलाएको थियो। तर, महाजन दाहालले उनलाई जग्गा दिएनन्। बरु, पत्तै नदिई अरूलाई नै बेचिदिए। कमाइरहेको जग्गा दाबी गर्दै अर्कै मान्छे उनको घरमा धाइरहेका छन्। उठिबास लाग्ने अवस्था आएपछि उनी पनि मिटरब्याजपीडितको आन्दोलनमा मिसिएर २३ दिन पैदल हिँडेर काठमाडौं आइपुगेका छन्।

मिटरब्याजपीडितसँग वार्ता गर्न सांसदको माग

सांसदहरूले देशभरबाट हिँडेर आएका मिटरब्याजपीडितसँग वार्ता गरेर समस्या समाधान गर्न पनि माग गरेका छन्। प्रतिनिधिसभाको बिहीबारको बैठकमा बोल्दै उनीहरूले वार्ताको ढोका खोलेर सरकारले पहल लिनुपर्ने बताए। रास्वपा सभापति रवि लामिछानेले मिटरब्याजीहरू २३ दिन पैदल हिँडेर काठमाडौं आएको भन्दै सिंहदरबारले वार्ताको ढोका खोल्नुपर्ने बताए। सांसद विराजभक्त श्रेष्ठले सामन्तवादको अवशेष मिटरब्याज अन्त्य भयो भनेर सरकारले नै भनेको, तर पीडितहरू माइतीघरवरिपरि भौँतारिएर बसेको उल्लेख गरे। 'तर, सरकार पीडितलाई न्याय दिन्छौँ भनेर जस बटुल्दै हिँडेको छ। न्यायका लागि अहिले पनि सडकमा भौँतारिरनुपर्ने हो ? यसको जवाफ आएन भने प्रतिपक्षबाट जे पनि गर्न सक्छौँ,' श्रेष्ठले चेतावनी दिए। राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले मिटरब्याजपीडितले आन्दोलन गर्न पाउनुपर्ने र सरकारले न्याय दिनुपर्ने बताए।

■ न्यायिक आयोग गठन गर्न पीडितको माग

मिटरब्याजपीडित गत चैतमा पनि पैदलै काठमाडौं आएका थिए। त्यतिखेर सरकारले विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा मिटरब्याजपीडित जाँचबुझ आयोग गठन गरेको थियो। आयोगले हालै मात्र प्रतिवेदन बुझाएको छ। फर्जी तमसुक, दृष्टिबन्धक, चेक अवैध घोषणा गरेर क्षतिपूर्ति दिनुपर्ने, समस्या समाधान गर्न न्यायिक आयोग गठन गर्नुपर्नेलगायतका माग पीडितहरूको छ।

नागरिकको जीवनमाथि खेलबाड नगर्न सरकारलाई एमालेको चेतावनी



● **प्रदीप ज्ञवाली,** उपमहासचिव, एमाले

गठबन्धनका मान्छे मुछिएका मुद्दाहरूमा पक्षपातपूर्ण न्यायनिरूपण आमविषय बनेको छ। सरकारकै संरक्षणमा तस्करी र अवैध कारोबारीहरूमार्फत समानान्तर अर्थतन्त्र चलाइएका कारण राजस्व संकलन निरन्तर घटिरहेको छ। अन्तर्राष्ट्रिय संस्थाहरूको दृष्टिमा नेपालको विश्वसनीयता र साख खस्किँदै गएको छ।

नयाँ पत्रिका

एमालेले नागरिकको जीवनमा खेलबाड नगर्न सरकारलाई चेतावनी दिएको छ। पार्टी केन्द्रीय कार्यालय च्यासलमा बिहीबार सम्पन्न केन्द्रीय कमिटीको बैठकले प्रहरीद्वारा अन्धाधुन्ध बल प्रयोगका कारण ललितपुरको बालकुमारीमा दुई र सर्लाहीको बरहथवामा एकजना युवाले अनाहकमा ज्यान गुमाएको भन्दै दोषीलाई कारबाही गर्न, मृतकका परिवारलाई राहत र क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको छ। 'उक्त घटनाप्रति खेद व्यक्त गर्दै दोषीहरूलाई कारबाही गर्न, मृतकका परिवारलाई राहत र क्षतिपूर्ति उपलब्ध गराउन र नागरिकको जीवनमा खेलबाड नगर्न सरकारलाई चेतावनी दिन्छ,' बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ। टेरामक्स काण्डमा मुछिएका, बालकुमारी घटनामा दोषी देखिएका र विभिन्न विवादमा मुछिएका मन्त्रीहरूलाई तत्काल बर्खास्त गर्न एमालेले माग गरेको छ।

गठबन्धन सरकारको कुशासन, राज्य सञ्चालनमा बढिरहेका बेथिति एवं गैरजिम्मेवार क्रियाकलापका कारण समाजका प्रत्येक अवयव संकटग्रस्त बन्दै गएको एमालेको दाबी छ। राज्य सञ्चालनको जिम्मेवारी लिएका गलत पात्रहरूका कारण लोकतान्त्रिक गणतान्त्रिक प्रणालीमाथि चुनौती थपिँदै गएको दाबी एमालेले गरेको छ। 'गठबन्धन सरकारको कुशासन, राज्य सञ्चालनमा बढिरहेका बेथिति एवं गैरजिम्मेवार क्रियाकलापका कारण समाजका प्रत्येक अवयव संकटग्रस्त बन्दै गएका छन्। राज्य सञ्चालनको जिम्मेवारी लिएका गलत पात्रहरूका कारण लोकतान्त्रिक-गणतान्त्रिक प्रणालीमाथि नै चुनौती थपिँदै गएको छ,' बैठकपछि जारी विज्ञप्तिमा भनिएको छ। गठबन्धन सरकार र गलत प्रवृत्तिका पात्रले राष्ट्रिय हितमा आघात पुर्‍याएको निष्कर्ष बैठकले निकालेको उपमहासचिव प्रदीप ज्ञवालीले बताए। गठबन्धनमा आबद्ध भएकै कारण ललितानिवास, सुन काण्डलगायतका घटनामा उन्मुक्ति दिने काम भएको उनले आरोप लगाए। 'गठबन्धनका मान्छे मुछिएका मुद्दाहरूमा पक्षपातपूर्ण न्यायनिरूपण आमविषय बनेको छ। सरकारकै संरक्षणमा तस्करी र अवैध कारोबारीहरूमार्फत समानान्तर अर्थतन्त्र चलाइएका कारण राजस्व संकलन निरन्तर घटिरहेको छ। अन्तर्राष्ट्रिय संस्थाहरूको दृष्टिमा नेपालको विश्वसनीयता र साख खस्किँदै गएको छ। बैठक तस्करी र भ्रष्टाचारलाई संरक्षण गर्ने सरकार र शासन सञ्चालनमा उसको द्वैध चरित्रको विरोध गर्दछ,' ज्ञवालीले भने।

बैठकमा नौ समूहको छलफलबाट निकालिएका निष्कर्षलाई सुझावका रूपमा प्रस्तुत गरिएको थियो। स्थायी कमिटीबाट काशीनाथ अधिकारी, कोशीबाट घनश्याम खतिवडा, मधेशबाट चन्देश्वर मण्डल, बागमतीबाट कैलाश ढुंगेल, गण्डकीबाट नवराज शर्मा, लुम्बिनीबाट राधाकृष्ण कँडेल, कर्णालीबाट गुलावजंग शाह, सुदूरपश्चिमबाट कृष्णप्रसाद जैसी र विभाग, उपत्यका तथा सम्पर्क विशेष, जनसंगठन, प्रवास समूहबाट पेम्बा लामाले आ-आफ्नो समूहको निष्कर्ष प्रस्तुत गरेका थिए।

यातायातमन्त्री ज्वालाबारे समाजवादी अनिर्णीत

काठमाडौं/ सत्तारूढ दल एकीकृत समाजवादीको सचिवालय बैठकले भौतिक, पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाबारे कुनै पनि निर्णय गरेको छैन। पार्टीका उपमहासचिवसमेत रहेका ज्वालाबारे सरकारी जाँचबुझ आयोगले तयार पारेको प्रतिवेदन विस्तृत अध्ययन गर्न बाँकी रहेकाले निर्णय गर्न नसकिएको समाजवादीले जनाएको छ। बिहीबार पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा बसेको सचिवालय बैठकमा ज्वालाको विषयमा सामान्य छलफल भएको थियो। कसलाई कुन कारणले दोषी देखाइएको छ भन्ने जानकारी पार्टीलाई नभएको र प्रधानमन्त्रीले जाँचबुझ आयोगको प्रतिवेदन अध्ययन गरिरहेकाले कुनै निर्णय नगरेको प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले बैठकपछि जानकारी दिए। गत १३ पुसमा दुई युवकको मृत्यु हुने गरी ललितपुरको बालकुमारीमा भएको घटनाबारे जाँचबुझ गर्न गठित आयोगले गत शुक्रबार उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई प्रतिवेदन बुझाएको थियो। उक्त प्रतिवेदनले मन्त्री ज्वालालाई दोषी देखाएको भन्दै विपक्षी दलहरूले संसद्मा राजीनामा मागेका छन्। यसअघि संसद्मै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतिवेदन अध्ययन गरेर दोषीलाई कारबाही गर्ने प्रतिबद्धता जनाएका थिए।

क्रिकेटर सन्दीपले थुनामा नबसी मुद्दा लड्न पाउने



काठमाडौं/ उच्च अदालत पाटनले क्रिकेटर लामिछानेलाई थुनामा नरही मुद्दाको कामकारबाहीमा संलग्न हुन पाउने आदेश दिएको छ। फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिम उनलाई उक्त सुविधा दिएको हो। बलात्कार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट दोषी ठहर भएका क्रिकेटर लामिछाने बिहीबार पुनरावेदनमा गएका थिए। आफूमाथि लागेको बलात्कारको मुद्दामा सफाइ पाउनुपर्ने भन्दै उच्च अदालत पाटनमा उनका कानुन व्यवसायीले पुनरावेदन दर्ता गराएका थिए। जिल्ला अदालतले यसै वर्ष लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गरेको थियो। सोही फैसलाविरुद्ध उनी उच्च पुगेका हुन्।

'जिल्लाबाट अनुमानका आधारमा अनुचित प्रभावमा परेर फैसला भएको छ। कानुनको सिद्धान्तअनुसार त्यसरी वस्तुनिष्ठ प्रमाणविना दोषी ठहर गर्न मिल्दैन। उहाँमाथि अन्याय भएको छ, न्याय पाऊँ भनेर पुनरावेदन गएका हौँ,' लामिछानेका कानुन व्यवसायी सरोजकृष्ण घिमिरेले भने।

लामिछानेलाई जिल्लाले पुर्पक्षका लागि थुनामा पठाएको थियो भने उच्च अदालतले २० लाख धरौटीमा रिहा गर्ने आदेश गरेको थियो। सर्वोच्चले पनि उच्चकै आदेश सदर गरेयता उनी रिहा नै छन्। उच्चकै आदेशअनुसार लामिछानेले जिल्लामा धरौटी रकम बुझाएका छन्। यसै कारण पनि बाहिरै बसेर पुनरावेदन गर्नका लागि उच्चले मनासिब देखेको आदेशमा छ।

लामिछानेलाई जिल्ला अदालतले आठ वर्ष कैद सजायका साथै तीन लाख रुपैयाँ जरिवाना असुल गरी पीडित राहत कोषमा जम्मा गर्न आदेश दिएको थियो भने पीडित युवतीलाई दुई लाख रुपैयाँ क्षतिपूर्ति भराउनसमेत फैसला गरेको थियो। उनले आफ्नो ख्यातिको दुरुपयोग गरेको ठहर गर्दै जिल्ला अदालतले कसुर कायम हुने फैसला सुनाएको थियो।

लामिछानेले ५ भदौ ०७९ मा एक किशोरीलाई बलात्कार गरेको अभियोग लागेको थियो। यद्यपि, ती किशोरी वयस्क भएको जिल्ला अदालतको ठहर छ। ०७९ भदौ २२ मा बलात्कारको उजुरी ती युवतीले दर्ता गराएकी थिइन्।

यसमा अनुसन्धानपश्चात् जिल्ला अदालत काठमाडौंमा गत वर्ष नै १४ कात्तिकमा लामिछानेविरुद्ध जबर्जस्ती करणीको मुद्दा दायर भएको थियो। फ्यानका रूपमा नजिकिन चाहेकी ती किशोरीलाई लामिछानेले गौशालास्थित एक होटेलमा लगी बलात्कार गरेको अभियोगदाबीसहित जिल्ला अदालत काठमाडौंमा आरोपपत्र दायर भएको थियो।

यसको थुनछेकपछि पुर्पक्षका लागि थुनामा पठाउने आदेश जिल्लाबाट भए पनि २८ पुस ०७९ मा उच्च अदालत पाटनको संयुक्त इजलासले धरौटीमा रिहा गर्न आदेश गरेको थियो। उच्चका न्यायाधीशद्वय ध्रुवराज नन्द र रमेश ढकालको इजलासले लामिछानेलाई २० लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेपछि उनी रिहा भएका हुन्।

उच्चको आदेशविरुद्ध सरकारी पक्ष सर्वोच्च जाँदा उच्चकै आदेश सदर भएको थियो। न्यायाधीश सपना प्रधान मल्लको इजलासले यस मुद्दालाई छिटो-छरितो किनारा गर्न पनि आदेश दिएको थियो।

त्रिनेत्र बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा. ३, बाराहीस्थान, फोन नं.: ०१-६६१३५३५

कर्जा चुक्ता गर्न आउने बारे जारी गरिएको ३५ दिने सूचना

प्रकाशित मिति: २०८०/११/११

यस संस्थाका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको समय समयमा तिर्नु/बुझाउनु पर्ने साँवाँ ब्याज आदि नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लघंन गरेको तथा पटकपटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत कर्जाको साँवाँ ब्याज हर्जना तथा अन्य दैदस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ पहल नगरी आलटाल गरी बसेको र बक्यौता चुक्ता भुक्तान नगरेकोले देहायका ऋणीहरुको नाममा कर्जा चुक्ता गर्न आउने यो ३५ (पैतीस) दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जा, ब्याज, हर्जना र अन्य दैदस्तुर चुक्ता भुक्तानी नगरेमा ऋणीहरुले लेखिदिएको धितो सुरक्षणमा रहेको तपसिलको चलअचल सम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियमले दिएको लिलाम बिक्रि वा अन्य कुनै व्यवस्थाको अधिकार प्रयोग गरी संस्थाले आफ्नो लेना रकम असुल उपर गर्ने व्होरा समेत सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको चलअचल सम्पत्ती बिक्रिबाट पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा कानून बमोजिम ऋणी तथा जमानीकर्ताको नाममा रहेको अन्य चलअचल सम्पत्ति समेतबाट बाँकी कर्जाको सावाँ ब्याज हर्जना तथा अन्य दैदस्तुर समेतको रकम असुल उपर गरीने व्होरा समेत यसै सुचनाद्धारा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण/फोटो	जमानीको विवरण
नाम: लक्ष्मीभक्त कर्माचार्य बाबु: लक्ष्मीलाल कर्माचार्य बाजे: कान्छा कर्माचार्य ना.प्र.नं.: ३५८९ भक्तपुर ठेगाना: साविक भ.न.पा. १६, हाल: सु.न.पा. ६ सुर्यविनायक कर्जा शिर्षक: सामाजिक	कटुञ्जे ८ ख कि.नं. २०८९ क्षे.फ. ०-२-३-१ 	नाम: बुद्धतारा मानन्धर बाबु: धर्ममित्र मानन्धर ना.प्र.नं.: ४३९७ ठेगाना: हाल सु.न.पा. ६, सुर्यविनायक 
नाम: चन्द्रकान्त पाठक बाबु: शालिग्राम पाठक बाजे: गोपिलाल पाठक ना.प्र.नं.: २६४०/०३४ ठेगाना: साविक भण्डारा ८ चितवन हाल: सु.न.पा. ६ कर्जा शिर्षक: व्यापार	कटुञ्जे ८ क कि.नं. २३२४ क्षे.फ. ०-१-१-१ कटुञ्जे ८ क कि.नं. २२८२ क्षे.फ. ०-१-३-० कटुञ्जे ८ क कि.नं. २२८६ क्षे.फ. ०-१-०-३ 	नाम: बुद्धिराज पाठक बाबु: शालिग्राम पाठक बाजे: गोपिलाल पाठक ना.प्र.नं.: ३००७ ठेगाना: हाल सु.न.पा. ६ 
नाम: दिल बहादुर तामाङ्ग बाबु: दल बहादुर तामाङ्ग बाजे: बुद्धि लाल तामाङ्ग ना.प्र.नं.: १८८८४, भक्तपुर ठेगाना: हाल: चा.न.पा. ४ कर्जा शिर्षक: सामाजिक	चा.न.पा. ४ ख कि.नं. ६०१ क्षे.फ. ०-५-०-१ चा.न.पा. ४ ख कि.नं. ६०२ क्षे.फ. ०-५-१-० 	नाम: सिल बहादुर तामाङ्ग बाबु: दिल बहादुर तामाङ्ग बाजे: दल बहादुर तामाङ्ग ना.प्र.नं.: २९-०१-७०-०४६१४ ठेगाना: हाल: चा.न.पा. ४ 
नाम: रामचले तामाङ्ग बाबु: संच राम तामाङ्ग बाजे: चिंगटे तामाङ्ग ना.प्र.नं.: ७१४८/९०४३५ सिन्धुपाल्चोक ठेगाना: साविक सिन्धुपाल्चोक हगाम ४ हाल: चा.न.पा. ९, ताथली कर्जा शिर्षक: सामाजिक	ताथली ८ ज कि.नं. ४८० क्षे.फ. ०-०-३-१ ताथली ८ ज कि.नं. ४६२ क्षे.फ. ०-१-०-० ताथली ८ ज कि.नं. ४७३ क्षे.फ. ०-१-३-० 	नाम: गुज्ज माया तामाङ्ग ठेगाना: हाल: चा.न.पा. ९, ताथली

सूचना

म होम प्रसाद पराजुलीकी नातीनी, नारायण प्रसाद पराजुलीकी छोरी, स्वर्गीय अनिस दाहालकी श्रीमती, सुनसरी जिल्ला इटहरी उप-महानगरपालिका वडा नं-५ वतन भइ हाल काठमाडौ जिल्ला कामनपा वडा नं-९ बस्ने बर्ष ३२ की शुभेक्षा पराजुली (ना.प्र.नं. ०६१००५/१५५१९९ जारी मिति २०६७/०६/२४ जि.प्र.का. सुनसरी) मेरो नाममा मालपोत कार्यालय मनमैजु काठमाडौंमा एकलौटी दर्ता श्रेस्ता रहेको काठमाडौं जिल्ला कामनपा वडा नं-९ पुरानोबानेश्वरमा कार्यलय रहेको लोकसार बचत तथा ऋण सहकारी सं.लि. मा रोक्का रहेको तपशिलको जग्गा म सम्बन्धीत मा.पो. कार्यालयमा उपस्थित भई बेचबिखन गर्न नसक्ने भएको कारणले चिनजानको च्याङ्वाराम तामाङ्गको नाती इन्द्र बहादुर तामाङ्गको छोरा नुवाकोट जिल्ला मदनपुर गाविस वडा नं ९ हाल बेलकोट गडी नपा वडा नं १३ बस्ने बर्ष ४४ को काली बहादुर तामाङ्ग (ना.प्र नं ५६७०८ जारी मिति २०५४/०४/१८ जि.प्र.का. नुवाकोट) लाई कानून बमोजिम बेच बिखन गर्ने प्रयोजनका लागि २०८०/०८/१८ गने काठमाडौ जिल्ला अदालतमा उपस्थित भइ अधिकृत वारेसनामा दिएकोमा सो काम गर्न नपर्ने भएको कारणले सो वारेसनामा बदर गरेको सूचित गर्दछु।

तपशिल

जिल्ला	गविस/नपा	वडा नं/सि.नं.	कि.नं.	क्षेत्रफल	कैफियत
काठमाडौ	गोलढुङ्गा	९	९१	७(९(३(०	एकलौटी
		९ग		३८७१.१४	

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८०/११/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति: २०८०/११/१७ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा
बोलपत्र खोलिने मिति/समय: २०८०/११/२० गते, आइतबार दिनको ३ बजे

क्र.सं.	ऋणीको नाम, ठेगाना
१.	**नाम : सितायन कोल्ड स्टोर्स** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य विभाग, जनकपुर, धनुषा दर्ता नं. १२८१२/१५२१/२०७५/२०७६, दर्ता मिति : २०७५/११/२३ पान नं. ६०९३४३०६३, दर्ता मिति : २०७५/११/२६, ठेगाना : धनुषा जिल्ला, जनकपुर धाम उ.म.न.पा वडा नं. ९ **प्रोप्राईटर : अनिता कुमारी**

जमानतकर्ताको विवरण

१. नाम : अनिता कुमारी	२. नाम : शम्भु शरण मिश्र
ना.प्र.नं. ३९६९९७२३, जि.प्र.का. धनुषा	ना.प्र.नं. १७/३९६९२०५३, जि.प्र.का. धनुषा
जारी मिति : २०४४/१२/२१	जारी मिति : २०४१/०३/३०, धनुषा
बाबुको नाम : गोपाल प्रसाद, पतिको नाम : शम्भु शरण मिश्र	बाबुको नाम : हरी शरण मिश्र, बाजेको नाम : रुदल मिश्र
ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. २	ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. २
हाल : धनुषा जिल्ला, जनकपुर धाम उ.म.न.पा वडा नं. २	हाल : धनुषा जिल्ला, जनकपुर धाम उ.म.न.पा वडा नं. २

धितोको विवरण

अनिता कुमारीको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर वडा नं. २ स्थित कित्ता नं. ४१३ र ४१७ को क्षेत्रफल क्रमश: ०-०-११-३ र ०-०-२-३ भएको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मिति : २०८०/११/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय हाकिमचोक, चितवनबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१. ऋणी: रोशन परियार बाबुको नाम : सुब्बा दमाई बाजेको नाम : राम बहादुर दमाई ठेगाना : राप्ती-५, चितवन ना.प्र.नं. : ३५-०१-७५-१००३४ जारी मिति : २०७५/१०/०६ जारी गर्ने कार्यालय : जि.प.का., चितवन **कर्जा शीर्षक : आवास कर्जा** **शाखा कार्यालय : हाकिमचोक, चितवन** **जमानीकर्ताको विवरण** **क) नाम : उदय प्रसाद थपलिया** बाबुको नाम : छविलाल थपलिया बाजेको नाम : खेमलाल थपलिया ठेगाना : भण्डारा-०५, चितवन हालः राप्ती-४, चितवन ना.प्र.नं. : ३५१००८/३४४ जारी मिति : २०६७/१०/११ जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन	**ख) नामः सुब्बा दमाइ** बाबुको नाम : राम बहादुर दमाइ बाजेको नाम : दल बहादुर दमाइ ठेगाना : भण्डारा-०१, चितवन हालः राप्ती-५, चितवन ना.प्र.नं. : ७१६०/०५८, जारी मिति : २०५८/०४/१८ जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन **ग) नामः राम परियार** बाबुको नामः सुब्बा दमाइ बाजेको नाम : राम बहादुर दमाई ठेगाना : राप्ती-५, चितवन ना.प्र.नं.: ३५-०१-७५-०९९९८, जारी मितिः२०७५-१०-०४ जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन **घ) नामः लक्ष्मण परियार** बाबुको नामः सुब्बा दमाई बाजेको नाम : राम बहादुर दमाई ठेगाना : राप्ती-५, चितवन ना.प्र.नं. : ३५-०१-७५-०९९९७, जारी मितिः२०७५-१०-०४ जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन

सुरक्षणमा रहेको धितोको विवरण: श्री मालपोत कार्यालय चनौली, चितवनमा रोशन परियारको नाममा दर्ता कायम रहेको चितवन जिल्ला, शुक्रनगर-६क स्थीत किं.न. ७१५ को क्षेत्रफल ५२३.४२ वर्ग.मी.को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको विवरण	जमानीकर्ताको विवरण
२. ऋणी: अनुज पाठक बाबुको नाम : नवराज पाठक बाजेको नामः मित्रलाल पाठक ठेगाना : पिप्ले-०९, चितवन हाल : राप्ती-०३, चितवन ना.प्र.नं. : ३५१००६/२७७ जारी मितिः २०७०/०२/१३ जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन **कर्जा शिर्षक : आवास कर्जा र ब्यक्तिगत आवधिक कर्जा** **कर्जा लिएको शाखा : हाकिमचोक** **जमानीकर्ताको विवरण** **क) नामः नव राज पाठक** बाबुको नाम : मित्रलाल पाठक बाजेको नाम : सेतु पाठक ठेगानाः पिप्ले-०९, चितवन हालः राप्ती-०३, चितवन ना.प्र.नं. : २६४५ जारी मिति : २०४३/०७/०५ जारी गर्ने कार्यालय : जि.का., चितवन	**ख) नामः भूवन कुमारी कडेल** बाबुको नाम : धन प्रसाद कडेल पतिको नामः नव राज पाठक ससुराको नामः मित्र लाल पाठक ठेगाना : विरेन्द्रनगर-४, चितवन हाल : राप्ती-०३, चितवन ना.प्र.नं.: ४८५, जारी मिति : २०४५/०१/२४ जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन **ग) नामः रोशन परियार** बाबुको नामः सुब्बा दमाई बाजेको नामः राम बहादुर दमाई ठेगाना : राप्ती-५, चितवन ना.प्र.नं.: ३५-०१-७५-१००३४ जारी मिति : २०७५-१०-०६ जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन **घ) नामः प्रकाश रम्तेल** बाबुको नामः कृष्ण सार्की बाजेको नामः दल बहादुर सार्की ठेगानाः भण्डारा-०८, चितवन हालः राप्ती-०४, चितवन ना.प्र.नं.: ३५१००८/२४५, जारी मितिः २०७०-०२-१५ जारी गर्ने कार्यालयः जि.प्र.का., चितवन

सुरक्षणमा रहेको धितोको विवरण: श्री मालपोत कार्यालय खैरेनी, चितवनमा भूवन कुमारी कडेलको नाममा दर्ता कायम रहेको चैनपुर-१ख, चितवन स्थित कित्ता नं. १३५८, १२८७, १२८५ र १२८३ क्षेत्रफल क्रमशः १६६.७४, १२.८२, १३०.२१ र २६.२८ वर्ग.मी को घर/ जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

गिरीबन्धुमा अख्तियारको अनुसन्धान जरुरी

सानालाई मात्र समात्ने, ठूलालाई छुने आँट नगर्ने आरोप खेपिरहेको अख्तियारलाई गिरीबन्धु टी-इस्टेटले अनुसन्धान गर्न चुनौती दिइरहेको छ



● बलराम केसी

अग्रलेख

भूमिसम्बन्धी ऐन : तत्कालीन केपी ओली सरकारको १३ वैशाख ०७८ को गिरीबन्धु टी-इस्टेटलाई जग्गा सट्टापट्टा गर्न दिने निर्णय सर्वोच्च अदालतले बदर गऱ्यो । सट्टापट्टा र ऐन संशोधन 'प्रथम दृष्टि'मा नै गलत थियो । भूमिसुधार ऐनले हदबन्दीभन्दा बढी जग्गामा 'जग्गाकै व्यापारिक कारोबार' गर्न दिँदैन । भूमिसम्बन्धी ऐन 'कल्याणकारी कानुन' हो । यसको किसानमाथिको शोषण अन्त्य गरी मोहीलाई जग्गाधनी बनाउने र अर्थतन्त्र परिवर्तन गर्ने दुई उद्देश्य थियो । मोही, जसको श्रमले उत्पादन हुन्छ, उसले पाउने हिस्साका लागि जग्गाधनीको निगाहमा भर पर्नुपर्ने असमान सामाजिक, आर्थिक र कानुनी परिस्थिति थियो । यसको अन्त्य गरी मोहीलाई आधा जग्गामा स्वामित्व दिलाउने लक्ष्य थियो, जुन चौथो संशोधनले पूरा गऱ्यो । चौथो संशोधनले सामाजिक र आर्थिक न्यायमा ठूलो फड्को माऱ्यो । दोस्रो उद्देश्यका सम्बन्धमा नेपालको कृषिमा आधारित अर्थतन्त्रले औद्योगिक विकास हुन सक्दैन भनेर भूमि सुधार ऐनले औद्योगिक व्यवसाय गर्न हदबन्दी नलाग्ने व्यवस्था गऱ्यो । ऐनको संशोधन र १३ वैशाख ०७८ को निर्णयले यो ऐनको मर्ममा नै प्रहार गरेको थियो । सर्वोच्च अदालतले ऐनको संशोधन बदर गरेन । संशोधन 'गलत नियत र बदनियतपूर्ण मनसाय'ले भएको र 'संशोधन गर्ने अधिकार'को दुरुपयोग भएको थियो । काम गर्न नसकिने अवस्था भयो भने ऐन संशोधन गरिन्छ । ऐनको मनसाय र उद्देश्यविपरीत हुने गरी संशोधन गरिँदैन । संशोधन कुनै व्यक्ति विशेषलाई फाइदा पुऱ्याउन पनि गरिँदैन । टी-इस्टेटको कारोबार वृद्धि गर्न जग्गा नपुगेर जग्गाको हदबन्दी बढाउनचाहिँ संशोधन गर्न सकिन्थ्यो ।

यहाँ उद्योग बन्द भयो, सार्वजनिक हित हुने अन्य उद्योगधन्दा सरकारको योजनामा छैन । जग्गा पर्ती, बाँझो राख्नुपर्ने अवस्था भयो । साविक जग्गाधनीले प्रचलित मोलमा खरिद गर्ने व्यवस्थाको सामूहिक माग गरेमा मूल्य जग्गा लिएर फिर्ता दिन संशोधन गर्न सकिन्थ्यो । तर, तत्कालीन सरकारले ऐनको उद्देश्यविपरीत सट्टापट्टा गर्ने बाटो खोलिदियो । सट्टापट्टा गर्न प्रदेश १ तोकियो, सो तोकाइ नै 'दोषी मन'को प्रमाण हो । झापाको मूल्यवान् जग्गा प्रदेश १ भित्रको भिरपाखो, खोलाको बगर, बाटोघाटो र खेतीका लागि योग्य, बस्ती बसाउन योग्य नभएको, हाइटेन्सन तारमुनि पर्ने जग्गासँग पनि सट्टापट्टा गर्ने ढोका खुल्यो । यो कार्य 'जुन काम प्रत्यक्ष गर्न सकिँदैन, अप्रत्यक्ष पनि गर्न हुँदैन' भन्ने मान्यताविपरीत हो । ऐन संशोधन र सट्टापट्टाको अनुमति दुवैमा बदनियत प्रस्ट छ । यो प्रशासनिक निर्णय बदर हुने एउटा मुख्य कारण गलत र बदनियतपूर्ण मनसाय हो । यिनै कारणले सर्वोच्च अदालतले १३ वैशाख २०७८ को निर्णय बदर गऱ्यो ।

तत्कालीन सरकारको निर्णय सम्बन्धमा : सार्वभौमसत्ता सम्पन्न हामी जनताले आफैंमाथि शासन गर्न संविधान बनाउन ६०१ सभासदलाई आफ्नो सार्वभौम अधिकार सुम्पियौं । तिनले संविधान बनाए । कार्यकारी अधिकार मन्त्रिपरिषद्मा राखे । धारा ७५(१) मा देशको इमानदारीपूर्वक शासन चलाउने जिम्मा प्रधानमन्त्रीलाई दिए । प्रधानमन्त्रीले सत्ता सम्हाल्नुअघि देउता सम्झेर संविधान हातमा राखेर संविधानको पालना र रक्षा गर्छु, कसैको मोलाहिजामा लाग्दिनँ, कसैलाई पक्षपात गर्दिनँ भनी वाचन गरी हस्ताक्षर गर्ने व्यवस्था पनि गरे । तर, तत्कालीन प्रधानमन्त्री ओली नेतृत्वको सरकारले ऐन संशोधन गरी सोही ऐनलाई ढाल बनाएर जग्गा सट्टापट्टा गर्ने निर्णय गरिदियो ।

टी-इस्टेटको जग्गा प्लटिङ सार्वजनिक छ । जग्गामा किनबेचमा अग्रिम लगानी पनि सार्वजनिक छ । १३ वैशाखको सट्टापट्टा गर्न दिने निर्णय नै अर्बौं घोटालाको कारण देखियो । संविधानमा नेपाल समाजवादउन्मुख राष्ट्र हुने उल्लेख छ । समाजवादउन्मुख देशको कम्युनिस्ट नेतृत्वको सरकारबाटै उद्योगको जग्गा सीमित व्यक्तिलाई फाइदा पुग्ने गरी प्लटिङ गरेर बिक्री गर्ने काममा सहयोग पुऱ्याई संविधानविपरीत काम गरियो । सट्टापट्टा काण्डले नेपालको गुठी मासिएको सम्झना गराउँछ । पूर्वजहरूले देउदेवता र पूजाआजा चलाउन आफ्ना जग्गा गुठीमा राखे । पञ्चायतका नेताले गुठीमा राखिएका जग्गाको बदलामा जुम्ला हुम्लाको भिरपाखो देखाएर काठमाडौंको जग्गा सट्टापट्टा गरी जग्गा किनबेचको ढोका खोलिदिए । सर्वोच्च अदालतले टी-इस्टेटको सट्टापट्टा नरोकेको भए जसरी गुठीको जग्गा सट्टा राखेर काठमाडौं कंक्रिटको जंगलले भरियो, त्यसैगरी हदबन्दीभन्दा बढीको जग्गामा पनि कंक्रिटको जंगल बन्ने थियो । गुठीको जग्गा सट्टापट्टामा पञ्चायतकालीन अख्तियारले मुद्दा चलाएर सजाय दिलाउन सकेको भए तत्कालीन सरकारले भूमिसम्बन्धी ऐन संशोधनको आँट गर्ने थिएन ।

पंक्तिकार सर्वोच्च अदालतमा हुँदा गुठीसम्बन्धी ऐनको जग्गा सट्टापट्टा दिने व्यवस्था बदरको माग गरेर रिट दर्ता भएको थियो । मसहितको विशेष इजलासले त्यसरी एउटा उद्देश्यका लागि राखिएको गुठीको जग्गा सट्टापट्टा गर्न दिने सरकारको निर्णय बदनियतपूर्ण भनेर बदर गरिदिएको थियो । विशेष इजलासको उक्त राय लेखकको थियो । तर, रिट वर्षौंपछि पऱ्यो । त्यसबेलासम्म काठमाडौं कंक्रिटको जंगल भइसकेको थियो । सोही कारण प्रारम्भदेखि नै लागू हुने गरी बदर गर्न सकिएन ।



अब जनताको नजर अख्तियारमा : अख्तियारले सानालाई मुद्दा चलाउँछ, शक्तिशालीलाई आँट गर्दैन भनिन्छ । आयुक्तहरू तत्कालीन सरकारकै पालामा भागबन्डामा नियुक्त भएको विदितै छ । टी-इस्टेट काण्डमा अनुसन्धान गरेर भागबन्डामा होइन, क्षमताको आधारमा नियुक्त भएको प्रमाणित गर्ने मौका छ । नीतिगत निर्णय भनेर अख्तियार पन्छिन सक्दैन । १३ वैशाख २०७८ को निर्णय सर्वोच्च अदालतबाट बदर भयो । त्यो नीतिगत निर्णय रहेन । निर्णयले छाडेको प्रमाण मात्र रह्यो । जग्गा सट्टापट्टा काण्डमा प्रमाण संकलित नै छन् । ऐन संशोधन र सट्टापट्टा गर्न दिने निर्णय आफैंमा महत्त्वपूर्ण प्रमाण हो । जग्गा प्लटिङ, जग्गामा बिचौलियाको लगानी मिडियामा आएका समाचारले प्रमाणको रूप लिन्छन् । 'आयुक्तहरूले शपथ र संविधानको सोझो गर्ने' कि 'जागिर दिलाउने सरकारको नुनको सोझो गर्ने ?' संविधान र शपथको सोझो गर्ने हो भने अनुसन्धान सुरु हुनुपर्छ । 'जागिर दिलाउनेको सोझो' गर्ने भए दिन कटाएर बसे भयो ।

> अख्तियारका आयुक्तहरूले हामी आफ्नै क्षमता र अनुभवले नियुक्त भएका हौं, हामी आफूलाई नियुक्त गर्नेलाई पनि छाड्दैनौं भन्ने प्रमाणित गर्न गिरीबन्धु टी-इस्टेट प्रकरणमा अनुसन्धान गरी दोषीमाथि मुद्दा चलाउनुपर्छ

अनुसन्धान गर्न मिडियाले धेरै 'लिड' जुटाइदिएको छ । 'तर' र 'यदि' नै चाहिँदैन । ऐन संशोधन किन गर्नुपऱ्यो ? जग्गा सट्टापट्टा गर्न किन दिनुपऱ्यो ? यी काममा प्रस्ताव कहाँबाट आयो ? गिरीबन्धु टी-इस्टेटको सञ्चालक समितिको निर्णयमा के भनियो ? मन्त्रिपरिषद्ले के निर्णय गऱ्यो ? कानुन मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयको के राय थियो ? सम्बन्धित सचिवको राय के थियो ? राय किन पालना गरिएन ? आदि प्रमाण लाग्ने आधार छन् । ऐन नै संशोधन गरेर जग्गा सट्टापट्टा गर्न बाटो खोल्ने योजना टी-इस्टेटबाट आएको हो भने कुन व्यक्ति र कसबाट आयो ? ऐन संशोधनपछि सट्टापट्टाको निर्णय र प्लटिङ लगभग साथसाथै भएको देखिन्छ । सट्टापट्टाको सहमति प्राप्त हुन्छ भन्ने यकिन भएपै प्लटिङ सुरु भएको होला । यसबाटै योजनाबद्ध तरिकाले ऐन संशोधन गराउन र सट्टापट्टा गर्न दिने निर्णय गर्न सफल भएको प्रमाणित हुन्छ । छानबिन गर्ने हो भने प्रमाण यिनै बन्छन् । बयान र मिडियामा छापेका कुरालाई नै बयानमार्फत एकत्रित गर्ने हो भने तिनै प्रमाण बन्छन् ।

जग्गा प्लटिङ गरी बिक्री गर्न पाएको भए ५६ अर्वबराबरको हुने कुरा मिडियामा स्पष्ट छ । त्यसको १० प्रतिशतलाई मात्र चलखेलको रकममा हिसाब गर्ने हो भने ठूलै घोटाला हुने स्पष्ट देखिन्छ । ५२ जना भागबन्डामा नियुक्त हुनेमध्ये अख्तियारका आयुक्तले एकमुस्ट राष्ट्रपतिसमक्ष सामूहिक शपथ खाएर प्रतिज्ञा गरेका हुन् । कसैको दबाब र प्रलोभनमा नपरी इमानदारीपूर्वक कर्तव्य पालना गर्ने शपथको परिपालना प्रमाणित गर्न अनुसन्धान सुरु गर्नुपर्छ । नियुक्ति दिनेप्रति बफादारी देखाउने र अनुसन्धान आलटाल गर्ने कार्य आयुक्तहरूको कमजोरी र निरीहता हो ।

शपथ र संविधान पालनाको नमुना : शपथ र संविधानको महत्त्वबारे अमेरिकी सेनाको दुईजना चारतारे जनरलबाट सिक्नुपर्छ । राष्ट्रपति ट्रम्पको कार्यशैलीको ढाँचा भिन्न थियो । वेलावेलामा उनको निर्णय पनि विवादित बन्थे । 'जोहन हाइटन' नाम गरेका व्यक्ति अमेरिकाको सामरिक बटालियनको चारतारे सेनापति थिए । उनले १९ नोभेम्बर २०१७ मा एक औपचारिक सार्वजनिक समारोहमा राष्ट्रपतिले परमाणु हतियार प्रयोग गर्न आदेश दिए पनि आदेश हामी केलाएर हेर्छौं र आदेश सनक र गलतमा आएको रहेछ भने मान्दैनौं भने । उनले कारण दिए- अमेरिकी सेनाले जहिले पनि कानुनी आदेशको मात्रै पालना गर्दै आएको छ, हामी 'हाम्रो शपथविरुद्ध' हुने गरी काम गर्दैनौं । २९ सेप्टम्बर २०२३ मा अर्का अमेरिकी सेनाको तीनवटै अंगका प्रमुख (ज्वाइन्ट चिफ अफ स्टाफ) जनरल 'मार्क मिले'ले पनि एउटा समारोहमाभ्क अभ्क कडा शब्दमा 'हामी अमेरिकी कुनै देश, जाति, धर्म, राजारानी वा तानाशाहका नाममा शपथ खादैनौं' । ट्रम्पलाई संकेत गर्दै 'हामी संविधान र अमेरिकी विचारका नाममा शपथ खान्छौं । हामी शपथ र संविधानको बचाउका लागि मर्न तयार छौं' भने । अमेरिकी सेना विश्वमै अत्यन्त अनुशासित र 'चेन अफ कमान्ड'मा चल्ने सेना हो । ती दुई जनरलले सन् २०१७ र सन २०२३ मा हामी 'संविधान, शपथ र देश मात्र चिन्छौं, अरू कसैलाई चिन्दैनौं' भन्ने जुन आँट देखाएका थिए, आज नेपालको अख्तियारका आयुक्तमा त्यही आँट चाहिएको छ । संविधानले सुशासनसम्बन्धी चारवटा संवैधानिक निकाय गठन गऱ्यो । तीमध्ये एक अख्तियार हो । हाम्रो अख्तियारजति स्वतन्त्र अमेरिकाको एफबिआई, एटर्नी जनरल र भारतको सिबिआई पनि छैनन् । अमेरिकामा एटर्नी जनरलले हाल पूर्वराष्ट्रपति ट्रम्पविरुद्ध थुप्रा मुद्दा दायर गरेको छ । ट्रम्पले मुद्दा खेपिरहेका छन् । अमेरिकी राष्ट्रपति कानुनभन्दा माथि हुँदैन र गलत काममा उन्मुक्ति हुँदैन । अख्तियारमा पनि राम्रा व्यक्ति आयुक्त नभएका होइनन् । तर, धेरै दृष्टान्तले आयुक्तले सानालाई मात्र समात्छन्, ठूलालाई आँट गर्दैनन् भन्ने छाप परेको छ । अख्तियारलाई आज गिरीबन्धु टी-इस्टेटले अनुसन्धान गर्न चुनौती दिइरहेको छ । ऐनमा हदबन्दीको जग्गा सट्टापट्टा गर्न नपाउने स्पष्ट हुँदाहुँदै अकस्मात् के स्वार्थले गर्दा हो तत्कालीन सरकारले 'यू टर्न' लिएर सट्टापट्टा गर्न पाइने गरिदियो । सार्वजनिक भएअनुसार कट्ठाको एक करोडमा किनबेच हुने र ३४४ बिगाको ६८ अर्ब रुपैयाँको कारोबार हुने देखिन्छ । आश्चर्य के भने ऐन संशोधनपछि सट्टापट्टाको निर्णय र प्लटिङको कार्य चट्याङको गतिमा झन्डै एकसाथ भएका देखिन्छन् । प्रमाण यिनै हुन् । अरूलाई भए २५ बिघाको हदबन्दी हुने, तर टी-इस्टेटलाई असीमित हदबन्दी भएर पनि ३४४ बिघाको सहुलियतको दुरुपयोगमा मन्त्रिपरिषद् बाट साथ मिल्यो । आयुक्तहरूले हामी आफ्नै क्षमता र अनुभवले नियुक्त भएका हौं, हामी हाम्रो नियुक्ति गर्नेलाई पनि छाड्दैनौं भन्ने प्रमाणित गर्न अनुसन्धान गरी दोषीमाथि मुद्दा चलाउनुपर्छ ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

एमाले उपमहासचिव **पृथ्वी सुब्बा गुरुङ**लाई



समग्रमा केन्द्रीय कमिटी बैठक कस्तो रह्यो ?

समग्रमा बैठक अत्यन्तै राम्रो भयो । पार्टीको आन्तरिक जीवनलाई व्यवस्थित गर्ने उद्देश्यले यो बैठक आयोजना भएको थियो । बैठकमा पार्टी सुदृढीकरण र नेता, कार्यकर्ताको जीवनमा शुद्धीकरण जरुरी छ भन्ने विषयमा महत्त्वपूर्ण सुझावहरू प्राप्त भएका छन् । तिनलाई कार्यान्वयन तहमा लान सकियो भने पार्टी पद्धतिलाई बलियो र व्यवस्थित बनाउन सघाउ पुग्छ । त्यसैले, हामी यसप्रति प्रतिबद्ध पनि भएका छौं ।

नेता, कार्यकर्ताको जीवनशैली, आचरण र चरित्र सुधारबारे कस्ता-कस्ता सुझाब आएका छन् ?

हामीले छलफलका लागि नौवटा फरक-फरक समूह बनाएका थियौं । सात प्रदेशका सात समूह थिए । उपत्यका विशेष कमिटी र स्थायी कमिटीका अलगअलग समूह थिए । यी सबै समूहबाट आएका सुझावलाई एकीकृत गरी स्थायी कमिटीमा लगेर त्यहाँ थप छलफल गरी कार्यान्वनमा जानेछौं । एमालेले अहिलेसम्म अभ्यास गर्दै आएको प्रणाली पूर्ण कम्युनिस्ट या पूर्ण लोकतान्त्रिक प्रणाली होइन । यी दुवैको मिश्रित रूप हामीले अभ्यास गर्दै आएका छौं । अब पनि त्यसैमा सुधार र शुद्धीकरण गरेर अघि बढ्नेछौं ।

माथिबाटै शुद्धीकरण थाल्नुपर्छ भन्ने सुझावलाई कसरी लिनुभएको छ ?

यो एकदम सकारात्मक सुझाव हो । गाउँ या जिल्ला तहको नेतृत्व सुधिँदैमा सिंगो पार्टी पंक्ति सुधिन सक्दैन । यसका लागि माथिबाटै शुद्धीकरण सुरु हुनुपर्छ । पार्टी अनुशासन कमजोर भएको छ भन्ने आत्मसात् हामीले गरेका छौं । त्यसैले, अब माथिबाटै शुद्धीकरण सुरु गरेर जान्छौं ।

प्रेरक प्रसंग

कानुन सबैलाई बराबर

कोरोना भाइरसले संसारलाई त्रस्त पारिरहेको थियो । संसारभर करोडौं मानिस यसबाट संक्रमित भइरहेका थिए भने लाखौं मानिसले ज्यान गुमाइसकेका थिए । विकासमा पछि परेका गरिब मुलुकदेखि विकासमा निकै अघि रहेका र बलियो स्वास्थ्य प्रणाली भएका विकसित मुलुकसमेत कोरोनाका कारण अस्तव्यस्त बनेका थिए । कोरोनाकै कारण विभिन्न देशले कडा लकडाउन, निषेधाज्ञा या समूहमा भेला हुन नपाउनेजस्ता नियम कडाइसाथ लागू गरेका थिए ।

सोही क्रममा नर्वेमा आफ्नै सरकारले लागू गरेको नियम उल्लंघन गरेको अभियोगमा त्यहाँकी तत्कालीन प्रधानमन्त्री एर्ना सोलबर्गले जरिवाना तिर्नुपरेको थियो । फेब्रुअरी २४ मा सोलबर्गको जन्मदिन परेको थियो । देशमा बढ्दो कोरोना संक्रमणकै कारण उनले आफ्नो जन्मदिन अत्यन्त सामान्य रूपमा मनाउने निर्णय गरिन् । जन्मदिन मनाउन उनी आफ्नो परिवार र अत्यन्त निकट आफन्तहरूका साथमा राजधानी ओस्लोबाहिरको होल नगरापालिकास्थित एक रेस्टुरेन्टमा पुगिन् । जन्मदिनमा उनीसहित जम्मा १४ जना आफन्तको उपस्थिति थियो । उनको जन्मदिनबारे एक टेलिभिजन च्यानलले समाचार प्रसारित गरी उनले कोरोना नियन्त्रणका लागि १० जनाभन्दा बढी एकसाथ भेला हुन नपाइने भनी आफ्नै सरकारले सार्वजनिक गरेको नियम उल्लंघन गरेको खुलासा गऱ्यो ।

समाचार प्रकाशित भएपछि त्यहाँको प्रहरीले यससम्बन्धी अनुसन्धान गऱ्यो । अनुसन्धानबाट प्रधानमन्त्री सोलबर्गले नियम उल्लंघन गरेको पुष्टि भयो । प्रहरीले सोलबर्गले २० हजार क्रोनर (करिब दुई लाख ८० हजार नेपाली रुपैयाँ) जरिवाना तिर्नुपर्ने बताएपछि प्रधानमन्त्री सोलबर्गले समाचार प्रकाशित गर्ने टेलिभिजनसित कुरकानी गर्दै आफूले राम्रोसँग ध्यान दिन नसक्दा नियम उल्लंघन हुन गएकोमा क्षमायाचना गर्दै सार्वजनिक रूपमा माफी मागिन् । र, खुसीसाथ प्रहरीले तोकेको जरिवाना पनि तिरिन् । यो घटनापछि नर्वेली जनतामाझ सोलबर्गप्रतिको सम्मान थप बढेको र उनको कदमको खुब प्रशंसा भएको थियो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

न्यायका लागि कहिलेसम्म हिँडिरहने ?

गत चैतमा ११ दिन लामो पैदलयात्राबाट आफ्ना पीडा सुनाउन राजधानी पुगेका मिटरब्याजपीडितलाई सरकारले न्याय दिलाउने आश्वास दिएर फर्काउन त सफल भयो । तर, आफूले गरेको सहमतिअनुसार उनीहरूलाई न्याय दिन भने सरकारले खासै चासो दिएको देखिएन । तिनै मिटरब्याजपीडित अहिले फेरि २३ दिने लामो पैदलयात्राबाट राजधानी आइपुगेका छन् । उनीहरू यसपालि पनि न्यायको गुहार लगाउँदै आएका हुन् । उनीहरूले एउटै विषयमा न्यायका लागि कहिलेसम्म यसरी पैदलै हिँडिरहनुपर्ने हो ? उनीहरू बारम्बार न्यायको गुहार लगाइरहेका छन् । तिनलाई न्याय दिलाउने कसले हो ? के सरकारले तिनको पीडामय क्रन्दन सुन्दैन हो ? सुन्छ भने पीडितलाई न्याय दिलाउन उसलाई केले छेकिरहेको छ ?

● **गायत्री विश्वकर्मा**, ढुंगेअड्डा, काठमाडौं

शुद्धीकरण माथिबाटै सुरु गर

एमालेको केन्द्रीय कमिटी बैठकमा केन्द्रीय सदस्यहरूले पार्टी नेताहरूमा शुद्धीकरण अभियान माथिल्लो तहका नेताबाटै सुरु हुनुपर्नेमा जोड दिएको समाचार पढियो । एमाले केन्द्रीय सदस्यको यो प्रस्ताव स्वागतयोग्य छ । यस्तो शुद्धीकरण जहिल्यै माथिबाटै सुरु हुनुपर्छ । र, यस्तो अभियान एमालेमा मात्र होइन, अन्य राजनीतिक दलमा पनि लागू हुनुपर्छ । किनकि, माथिको राजनीतिक नेतृत्व शुद्ध भयो भने तलका नेता, कार्यकर्ता शुद्ध नभई सुखै हुँदैन ।

● **गौरव लिम्बू**
सानेपा, ललितपुर

सवारीचालक सचेत बन्नुपऱ्यो

एकैदिन सात दुर्घटना हुँदा ११ जनाको मृत्यु र २७ जना घाइते भएको समाचार पढ्दा दुःख लाग्यो । पछिल्लो समयमा यस्ता दुःखद समाचार बढी नै सुन्न, पढ्न र हेर्न परिरहेको छ । अधिकांश यस्ता दुर्घटनाबाट ठूलो धनजनको क्षति हुने गरेको छ । यस्ता दुर्घटनाका लागि सबैभन्दा बढ्ता जिम्मेवार चालक स्वयं नै हुन्छन् । उनीहरूको लापरबाहीविना यस्ता अधिकांश दुर्घटना हुँदै हुँदैनन् । त्यसैले, चालकहरू सचेत बनून् ।

● **कुमारी चौधरी**
अत्तरिया, कैलाली

गगनको प्रस्तावले ल्याएको तरंग

अबदेखि चुनावअघि कांग्रेसले गठबन्धन नगर्ने आफ्नो प्रस्तावबाट कांग्रेस महामन्त्री गगन थापा टसको मस नभएपछि कांग्रेसभित्र मात्र नभई सत्ता गठबन्धनका अन्य राजनीतिक घटकमा पनि तरंग उत्पन्न भएको छ । उता कांग्रेस सभापति देउवा प्रधानमन्त्री प्रचण्डलाई भेटेर पार्टी महासमिति बैठकले जे निर्णय लिए पनि गठबन्धन सरकारलाई कुनै फरक पर्नेछैन भनेर आश्वस्त गराउन बालुवाटार छिर्नुपऱ्यो । प्रधानमन्त्री प्रचण्डको सहमतिपछि मात्र उनीहरू पुनः बैठकमा फर्केर गगनको प्रस्तावमा समर्थन जनाएको सुनिन्छ ।

यस घटनाले कांग्रेस र सभापति देउवाको निर्णय क्षमतामाथि समेत प्रश्न उठाएको छ । यतिखेर देउवामा अरू कुनै चिन्ता छैन । न त आफू र कांग्रेसकै प्रतिष्ठाको कुनै चिन्ता छ । उनलाई चिन्ता केवल छैटौंपटक कसरी प्रधानमन्त्री बन्ने भन्नेमा मात्र छ, जसले देउवाको छवि र प्रतिष्ठालाई निकै गिराएको छ । पदको आसक्तिले देउवाको उचाइ निकै घटेको भए पनि उनमा त्यसको कुनै पर्वाह देखिँदैन । देउवाजस्ता पदका लागि जे पनि गर्न सक्ने नेता नेतृत्वमा रहेसम्म कांग्रेसको प्रतिष्ठा माथि जान सक्दैन । गठबन्धन गरेकै कारण कांग्रेसको सात प्रतिशत लोकप्रिय मत घटेको आरोप गगन-विश्वहरूले लगाएका छन् । अब कांग्रेसको भोट बैंक देउवाबाट बढ्न सक्दैन । कांग्रेस बचाउने हो भने गगन-विश्वजस्ता ऊर्जावान् युवा नै पहिलो तहको नेतृत्वमा आउनुपर्छ । अन्यथा, कांग्रेसको भविष्य अन्धकारमय हुनेछ । सम्पूर्ण कांग्रेसजनले यसतर्फ ध्यान पुऱ्याऊन् ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

रुसले कुनै दिन सम्मान गर्नेछ नाभाल्नीलाई

रुसमा जनतालाई प्रेरित गर्ने र परिचालन गर्ने क्षमता नाभाल्नीको जति अरू कुनै विपक्षी नेतामा थिएन



देश / विदेश

● कार्ल बिल्ट

दुर्गम आर्कटिक क्षेत्रको पेनल कोलोनीमा थुनिएका एलेक्सी नाभाल्नीको मृत्यु कसरी र किन भयो, यसबारे हामीलाई थाहा नहुन सक्छ । तर, रुसी अधिकारीले रुसका लोकप्रिय विपक्षी नेताको मृत्यु भएको दुई मिनेटमा मृत्युको जानकारी दिने वक्तव्य कहिल्यै पनि विश्वसनीय हुनेछैन । त्यसमाथि नाभाल्नीको लास उनको आमालाई सुम्पिन भइरहेको विलम्बले सन्देह बढाएको छ । यदि क्रेमलिनको भूमिका हुन्थेन भने नाभाल्नी जीवित नै हुन्थे होला भनेर हामी निर्धक्क भन्न सक्छौं । केही वर्षअघि नाभाल्नीको हत्या गर्न अत्याधुनिक नर्भ एजेन्ट विष दिइएको थियो, त्यसयता पुटिन सरकारले उनलाई घातक विष दिँदै आएको थियो । यस वर्ष रुसमा राष्ट्रपतीय 'निर्वाचन' हुने अवस्थामा रुसी सत्ताका लागि नाभाल्नी जीवित रहनु खतरा थियो भन्ने भान हुन्छ ।

मैले नाभाल्नीलाई सन् २०११ मा मस्कोमा भेटेको थिएँ । सोभियत हाइड्रोजन बमका पिता एवं सोभियत संघको अन्त्यताका उदारवादी विपक्षी मानिने एन्ड्रेई सखारोभको स्मृतिमा भएको सम्मेलनलाई सम्बोधन गर्न मलाई मस्को बोलाइएको थियो । वास्तवमा नाभाल्नीकै कारण मैले मस्को यात्रा गरेको थिएँ । नाभाल्नीको चर्चा दिनानुदिन बढिरहेको थियो र त्यसवेला उनीसँग बिहानको खाजाका क्रममा लामो संवाद भएको थियो ।

पुरानो पुस्ताका भिन्न मत राख्नेले सोभियत सत्तासँग शब्द र कलमले संघर्ष गरेका थिए, तर नाभाल्नीमा भने केही नयाँ थियो । उनी वृत्तचित्रका माध्यमबाट खुलासा गरेर फरक मत राख्थे । उनले लामा वृत्तचित्र बनाएर सम्भ्रान्त शासकका भ्रष्टाचार र कालोधनको खुलासा गर्थे र यही खुलासा गरेर सत्तामा रहेकाविरुद्ध जनपरिचालन गर्थे । उनको विधि कुनै लेखापाल वा वकिलको जस्तो हुन्थ्यो, जहाँ उनी प्रमाणलाई पछ्याएर भ्रष्टाचारको खुलासा गर्थे । केही पाका विपक्षीसमेत उनलाई सन्देहले हेर्ने गर्थे । किनभने, यी पाका विपक्षीको विधि नाभाल्नीको जस्तो थिएन र यिनले नाभाल्नीले भनेँ जनपरिचालन गर्न सक्दैनथे । नाभाल्नीको लगाव र रणनीति हेर्दा मलाई उनी भविष्यका नेता हुन्छन् भन्ने लाग्थ्यो ।

त्यसपछि नाभाल्नी र मेरो भेट केहीपटक मात्रै भयो । नाभाल्नी अन्तर्राष्ट्रिय सम्मेलन वा कूटनीतिक बैठकमा सहभागी हुन खोज्ने व्यक्ति थिएनन् । उनको सारा जीवन मानिसलाई प्रेरित गर्न र मुलुकभर संगठन निर्माण गर्नमै बित्यो । यी प्रयास गर्दा उनले कैयौंपटक विभिन्न आरोपमा जेल जानुपरेको थियो । जेलमा रहँदा पनि उनी आफ्नो समय, व्यक्तित्व र प्रेरक क्षमताको प्रयोग गरेर जेलमा रहेका मानिसलाई एकजुट गराउन सफल हुन्थे । रुसी अधिकारीमाझ मेरो र नाभाल्नीबीचको सम्बन्धलाई रुचाइएको थिएन । नाभाल्नीसँगको मेरो बिहानको खाजा भेटको संवाद भनेर रुसी सत्तानजिकको एक पत्रिकाले समाचार नै छापेको थियो । कुनै ठोस कुरा नभएको सो समाचारमा नाभाल्नी, म र स्विडेनमाथि आक्रमण गरिएको थियो ।

हाम्रो अन्तिम भेटघाट हुँदा रुस थप अँध्यारो दिशातर्फ गएको थियो । त्यसवेला हाम्रो जासुसी नहोस् भनेर सो भेटघाट सचेत भएर गरेका थियौं । त्यसवेला हामी जासुसीबाट जोगिन सफल भएका थियौं । हामीले सो भेटघाटमा रुसको राजनीतिक भविष्य र रुसी सत्ताको युक्रेनप्रतिको आसक्तिको जोखिमबारे छलफल गरेका थियौं । तीन दिनपछि रुसको सत्तानाजिकको टेलिभिजन समाचार च्यानलले गोप्य क्यामेराबाट खिचिएका हाम्रा तस्बिर सार्वजनिक गरेको थियो । टेलिभिजन समाचारमा म र नाभाल्नीलाई आक्रमण गरिएको थियो र हामीलाई रुसविरुद्ध षड्यन्त्र गरेको आरोपसमेत लगाइएको थियो । हामीले अन्तिममा आफ्नो भेटघाट स्थल परिवर्तन गरेकाले टेलिभिजनको भिडियोमा हामी एकछिन देखापरेर नयाँ कोठामा गएको देखिएको थियो । यसले हामीलाई थप शंकास्पद बनाएको थियो । हामी सुरक्षा संयन्त्रलाई आफूहरूले गरेको छलफल सहजै साझा गर्थ्यौं होला, तर सुरक्षा संयन्त्रकै अक्षमताका कारण हामी खुलेका थिएनौं ।



तस्बिर : भेसिली मेक्सिमोभ/एएफपी

रुसमा जनतालाई प्रेरित गर्ने र परिचालन गर्ने क्षमता नाभाल्नीको जति अरू विपक्षी नेतामा थिएन । यसैकारण नाभाल्नीलाई कुनै पनि चुनावमा भाग लिन दिइएको थिएन । तमाम दमन र रोकावटका बाबजुद एकपटक सन् २०१३ मा मस्कोको मेयरको चुनावमा उनले प्रतिस्पर्धा गरेका थिए । सो चुनावमा उनले झन्डै एकतिहाइ मत ल्याएका थिए । नाभाल्नी स्वतन्त्र रुसको राष्ट्रपतिमा निर्वाचित हुन्थे वा हुँदैनथे त भन्न सकिँदैन, तर उनीसँग राष्ट्रपति हुने सम्भावना धेरै थियो । नाभाल्नी रुसका एक विलक्षण राजनीतिज्ञ थिए । जेलबाट लेखेको एक लामो टिप्पणीमा उनले पुटिनले युक्रेनविरुद्ध छेडेको युद्ध त्याग्नु नै समृद्ध रुसको पूर्वसर्त हो भनेका थिए । उनले सो टिप्पणीमा पुटिनबाट रुस मुक्त हुनुपर्छ मात्र भनेका थिएनन्, उनले त केवल युद्ध रोक्नुपर्नेमा जोड दिएका थिए । उनले विद्यमान रुसको राजनीतिक व्यावस्थामाथि टिप्पणी गरेका थिए । उनले रुसको राजनीतिमा शक्तिको अत्यधिक केन्द्रीकरण भएको भन्दै रुसमा खुला संसदीय व्यवस्थाको पैरवी गरेका थिए । उनका अनुसार उनको यो नयाँ राजनीतिक मोडल अपनाएपछि रुसमा 'आक्रामकता र अस्थिरता भड्काउने' तत्त्व नरहने जनाएका थिए ।

अहिले नाभाल्नी हामीमाझ छैनन्, तर उनको विरासत निःसन्देह जीवित रहिरहनेछ । उनको विरासतले क्रेमलिनका अग्ला पर्खालपछाडि ओत लागेकाहरूलाई तर्साइरहनेछ । कुनै दिन एक नयाँ रुसमा नाभाल्नीले यथोचित सम्मान पाउने नै छन् ।

(बिल्ट स्विडेनका पूर्वप्रधानमन्त्री हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारतमा किसानमाथि प्रहरी कारबाहीमा एकको मृत्यु

नयाँदिल्ली / भारतको पन्जाब र हरियाणाको बीच सीमाबिन्दु खनौरीमा बुधबार आन्दोलित किसानमाथि प्रहरीले रबरको गोली र अश्रुग्यास प्रहार गर्दा एक युवा किसानको मृत्यु भएको र अन्य केही घाइते भएको अधिकारीले बताएका छन् । प्रहरीका अनुसार २० वर्षीय शुभकरण सिंह प्रहरी कारबाहीमा मारिएका हुन् । 'खनौरीबाट तीनजना घाइते हामीकहाँ आएकोमा एकजनाको मृत्यु भएको छ । गोली लागेजस्तो देखिएका अन्य दुईको अवस्था गम्भीर छ, तर यसको पुष्टि गर्न सकिँदैन,' पटियालाका राजेन्द्र अस्पतालका वरिष्ठ चिकित्सा अधिकारी रेखीलाई उद्धृत गर्दै भनिएको छ । पन्जाबका मुख्यमन्त्री भगवन्त मानले पनि मृत्युको पुष्टि गरे । केन्द्रीय सरकारले बुधबार किसानलाई पाँचौं चरणको वार्ता गर्न तयार रहेको जनाएको छ ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction (DUDBC)
Regional Urban Development Project (RUDP)
Strengthening Systems to Project and Uplift Women Project (SSPUWP)

Project Implementation Unit (PIU)

Babarmahal, Kathmandu

LETTER OF INTENT

Date of Publication: 2080/11/11 (23 February 2024)

This is to notify to all the concerned bidders regarding our intention to award the contract for the following project to the substantially responsive lowest evaluated bidder. This notice is published as per the provision stipulated in Public Procurement Act 2063, Clause 27; sub-clauses (2), (3) and Clause 47.

Contract No./ Name of Work	Substantially Responsive Bidder	Bid Amount (including PS and VAT)
SSPUWP/Works/WCSCSC/Lumbini/CW-07, Construction of One Women Children and Senior Citizens Service Centre in each of Palpa, Nawalpari and Rupandehi districts of Lumbini Pradesh	Rabina/ Gorakhnath JV, Kathmandu	NRs. 126,788,638.65

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Integrated Energy and Irrigation Special Program

Invitation for Bids

Date of publication: 2080/11/11 B.S.

The Integrated Energy and Irrigation Special Program invites electronic bids from the eligible Nepalese bidders for the procurement of works. The details of the project are given below:

S. N.	Description of Project	Contract No.	Estimated Amount in NRs. (With VAT)	Bid Security Amount in NRs.	Price of Bidding Document in NRs. (Non-refundable)
1.	Construction of Dorkhukhola Sathiya Bohore Banchare Irrigation Project, Tadi RM-5, Nuwakot.	Works-DSBBIP-NCB-2080/81-66	1,78,01,244.01	4,50,000.00	3000.00

Only electronic bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before **2080/12/12, 12:00 noon.** Eligible Bidders may obtain further information from **Integrated Energy and Irrigation Special Program, Pulchowk, Lalitpur** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**

Program Co-ordinator

Gokarneshwor Municipality

Office of Municipal Executive

Bagmati Province, Nepal, Jorpati, Kathmandu

Invitation for Bids for the Water Supply Project at Gokarneshwor Municipality Ward No. 1, 2 and 3

Invitation for Bids No: GOMUN/NCB/W/080-81/02
Date of publication: 2080-11-11 (23rd February 2024)

1. The Gokarneshwor Municipality invites electronic bids from eligible bidders for the construction of Water Supply Project Gokarneshwor Municipality Ward No.1, 2 and 3 under National Competitive Bidding -Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   • Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 39.2 Million.
2. Minimum Work experience of similar size and nature: At Least One Construction of Water Supply project NRs 10.5 Million.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gokarneshwor Municipality Jorpati, Kathmandu, Tel : 01-4914114, 01-4914115,
   email : gokarneshwor2071@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may download from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (Revenue) account as specified below .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Agricultural Development Bank, Jorpati, Kathmandu.
   Name of Office: Gokarneshwor Municipality
   Office Account no.: 0210801146156199
6. Pre-bid meeting shall be held at Gokarneshwor Municipality, Office of Municipal Executive, Jorpati at 13:00 hours 2080/12/01.
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hours on 2080/12/13. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours 2080/12/13 at the office of Gokarneshwor Municipality, Office of Municipal Executive, Jorpati, Kathmandu. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 8,00,000.00 which shall be valid for 30 days beyond the validity period of the bid (i.e. minimum of 120 days). The bid security shall be, at the Bidder's option, in any of the following forms:
   (a) an unconditional bank guarantee from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law or;
   (b) a cash deposit voucher in the Employer's Account as specified below:
   Name of the Bank: Agricultural Development Bank, Jorpati, Kathmandu.
   Name of Office: Gokarneshwor Municipality
   Dharauti Account no.: 0210801146156083
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. Matters not covered in this notice shall be treated in accordance with prevailing acts and regulations.

The name and identification of the contract is as follows:

Contract No.	Description of Works	Cost of Documents (NRs)	Minimum bid security amount	Key Production (Per Year)
GOMUN/NCB/W/080-81/02	Water Supply Project Gokaneshwor Municipality Ward No.1, 2 and 3	5,000.00	NRs. 8,00,000.00	Participation as Prime contractor, management contractor or subcontractor, that have been successfully or are substantially completed i) Minimum Construction Experience of All types of Pipe Line-16 Km Per Yr ii) Minimum Construction Experience of All types of all types Earthwork for pipeline-3400 Cum per yr iii) Minimum Construction Experience of RCC Work -144 cum per yr iv) Minimum Construction Experience of Reinforcement works -16MT per yr

Chief Administrative Officer

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development & Building Construction
Project office of Urban Development & Building Construction Chitwan.

Invitation for Bids

Date of publication: 2080/11/11

PUDBC, Chitwan invites electronic bid from the Eligible Bidders for construction of the following works under NCB Procedures.

Contract Identification No	Description	Estimated Amount (With VAT & PS)	Bid Security Amount	Price of Bid Document
PUDBC/CHITWAN/ NCB/WORKS/33/080-81	Upgradation of Road from chherwang aadharbhut bidhyalaya towards north at kalika-10, chitwan.	NRs. 67,60,477.82	NRs. 1,71,000	NRs. 3000

For More information Visit www.bolpatra.gov.np/egp.

NOTE: Due to Special reason, Construction work named "upgradation of maiya devi campus (from chitwan medical college to indreni chowk) in bharatpur metropolitan city -10, Chitwan. (PUDBC/CHITWAN /NCB/ WORKS/28/079-080)" is cancelled.

Project Chief

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मितिः २०८०/११/११ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८०/११/२६ (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

सि.न.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना		लिलाम हुने धितोको विवरण
१.	आवधिक कर्जा	**ऋणीको नामः छोमो तमाङ** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५५/९९४ (२०५८/१०/१९/रसुवा) बाबुको नामः लोप्पसाङ घले ससुराको नामः दावा तामाङ पतिको नामः निमा ग्याल्सेन तामाङ ठेगानाः रसुवा जिल्ला, स्याफ्रु गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल रसुवा जिल्ला, गोसाईकुण्ड गा.पा., वडा नं. ५ ।	**व्यक्तिगत जमानतकर्ताः** **निमा ग्याल्सेन तामाङ** ना.प्र.प.नं. (जारी मिति/स्थान): २३८०/१३७७(२०५९/११/२३/रसुवा) बाजेको नामः रेन्जेन सिंगी तामाङ बाबुको नामः दावा तामाङ ठेगानाः रसुवा जिल्ला, स्याफ्रु गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल रसुवा जिल्ला, गोसाईकुण्ड गा.पा., वडा नं. ५ ।	लोप्पसाङ घले को छोरी, दावा तामाङ को बुहारी, निमा ग्याल्सेन तामाङ को पत्नी, रसुवा जिल्ला, स्याफ्रु गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल रसुवा जिल्ला, गोसाईकुण्ड गा.पा. वडा नं. ५ बस्ने **छोमो तमाङ**को नाममा मालपोत कार्यालय रसुवाको लगतमा दर्ता श्रेष्ता कायम रहेको रसुवा जिल्ला, धुन्चे गा.वि.स./न.पा.वडा नं.७ स्थित कि.न. ५८९ को क्षेत्रफल ०-३-२-० (रोपनी)को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
२	व्यक्तिगत ओभरड्राफ्ट	**ऋणीको नामः वसना अर्याल** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६८९०३ (२०४२/०२/१०/पर्सा) बाबुको नामः इन्द्र बहादुर खड्का ससुराको नामः अग्निधर अर्याल पतिको नामः मोहन प्रसाद अर्याल ठेगानाः पाल्पा जिल्ला, चापपानी गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, तानसेन न.पा., वडा नं. ३ ।	**व्यक्तिगत जमानतकर्ताः** **मोहन प्रसाद अर्याल** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८८६(२०३६/०१/१७/पाल्पा) बाजेको नामः रविलाल अर्याल बाबुको नामः अग्निधर अर्याल ठेगानाः पाल्पा जिल्ला, चापपानी गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, तानसेन न.पा., वडा नं. ३ ।	इन्द्र बहादुर खड्का को छोरी, अग्निधर अर्याल को बुहारी, मोहन प्रसाद अर्याल को पत्नि, पाल्पा जिल्ला, चापपानी गा.वि.स., वडा नं. ४ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, तानसेन न.पा., वडा नं.३ बस्ने **वसना अर्याल**को नाममा मालपोत कार्यालय पाल्पा को लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, तानसेन गा.वि.स./न.पा., वडा नं. ८ स्थित कि. नं. ४०९ को क्षेत्रफल ०-४-०-३ को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
३	१.ओभरड्राफ्ट सुविधा २.आवधिक कर्जा	**ऋणीको नामः गौतम बुद्ध दूध डेरी उद्योग** (प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उपभोक्ता हकहित सरंक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय तौलिहवा, कपिलवस्तुमा दर्ता रहेको) दर्ता नं.: ११२६६/०७७ दर्ता मितिः २०७७/०४/२० स्थायी लेखा नं.: ६१३५६२७४९ ठेगानाः कपिलवस्तु जिल्ला,मायादेवी गा.पा., वडा नं.१ । **साझेदार तथा व्यक्तिगत जमानतकर्ताहरूः** **१.जित नारायण अग्रहरि** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३६१०६९/५५ (२०६३/११/०६/ नवलपरासी बर्दघाट सुस्ता पश्चिम) बाजेको नामः छोटकन अग्रहरि बाबुको नामःकाशी अग्रहरि ठेगानाः नवलपरासी जिल्ला,रामग्राम न.पा., वडा नं. ६ । **२.शिवराज चौधरी** ना.प्र.प.नं. (जारी मिति/स्थान): १०११/३६३४५ (२०७०/०४/२३/कपिलवस्तु) बाजेको नामः कामती प्रसाद कुर्मि बाबुको नामः राजेन्द्र प्रसाद कुर्मि ठेगानाः कपिलवस्तु जिल्ला, विजुवा न.पा., वडा नं. ७ ।	**व्यक्तिगत जमानतकर्ताहरुः** **१.सिमा अग्रहरी वनिया** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३८-०१-७६-००६४२ (२०७६/०१/१९/कपिलवस्तु) बाबुको नामः नेबुलाल बनिया गुप्ता ससुराको नामः काशी अग्रहरि पतिको नामः जित नारायण अग्रहरि ठेगानाः कपिलवस्तु जिल्ला,कपिलवस्तु न.पा., वडा नं. ६ । **२.राजेन्द्र प्रसाद कुर्मि** ना.प्र.प.नं. (जारी मिति/स्थान): १६९१ (२०४५/०२/२६ कपिलवस्तु) बाजेको नामः लालसा कुर्मि बाबुको नामः कामता प्रसाद कुर्मि ठेगानाः कपिलवस्तु जिल्ला, विजुवा न.पा., वडा नं. ७ ।	१. छोटकन अग्रहरिको नति, काशी अग्रहरिको छोरा, नवलपरासी जिल्ला,रामग्राम न.पा., वडा नं. ६ बस्ने **जित नारायण अग्रहरि**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, मंझरिया गा.वि.स./न.पा., वडा नं. ९ (क) स्थित कि.नं. ६२४ को क्षेत्रफल ३५७.६३ व.मि.को जग्गा र उक्तजग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. लालसा कुर्मिको नाति, कामता प्रसाद कुर्मिको छोरा, कपिलवस्तु जिल्ला, खास विजुवा न.पा., वडा नं. ७ बस्ने **राजेन्द्र प्रसाद कुर्मि**को नाममा मालपोत तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता श्रेष्ता कायम रहेको कपिलवस्तु जिल्ला, खास विजुवा न.पा., वडा नं. ७ स्थित कि. नं. ८९५ र ८९६ को क्षेत्रफल ०-१-१४-० (५७५.६९ व.मि.) र ०-१-१५-० (५९२.५८ व.मि.) को जग्गा र उक्तजग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
४	हायर पर्चेज कर्जा	**ऋणीको नामः बुद्धिसागर गैह्रे** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८८६३ (२०५३/०१/२३/तनहुँ) बाजेको नामः नारायण दत्त गैह्रे बाबुको नामः नोमनाथ गैह्रे ठेगानाः तनहुँ जिल्ला, रानीपोखरी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ७ मासबार । **व्यक्तिगत जमानतकर्ताहरुः** **१. बुद्धिसागर गैह्रे** ना.प्र.प.नं. (जारी मिति/स्थान): १८८६३ (२०५३/०१/२३ /तनहुँ) बाजेको नामः नारायण दत्त गैह्रे बाबुको नामः नोमनाथ गैह्रे ठेगानाः तनहुँ जिल्ला, रानीपोखरी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ७ मासबार ।	**२. ईन्दीरा गैह्रे** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६८६६५ (२०६०/०८/२४/तनहुँ) बाबुको नामः भेष राज बराल ससुराको नामः नोमनाथ गैह्रे पतिको नामः बुद्धिसागर गैह्रे ठेगानाः तनहुँ जिल्ला, रानीपोखरी गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ७ । **३. झलक बहादुर कुँवर क्षेत्री** ना.प्र.प.नं. (जारी मिति/स्थान): १५१७७७ (२०६१/०८/०४/कास्की) बाजेको नामः टेक बहादुर कुँवर बाबुको नामः अम्बर बहादुर क्षेत्री ठेगानाः कास्की जिल्ला, हेम्जा गा.वि.स. वडा नं. ९ ।	धनी एनएमबि बैंक लि. (साबिक ओम डेभलपमेन्ट बैंक लि.)/ऋणी **बुद्धिसागर गैह्रे**को नाममा नारायणी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः **सवारीसाधनको विवरणः** कम्पनीको नामः- टाटा मोटर्स भारत किसिमः- LP712 EX/38, भाडा बस सवारी दर्ता नं.:- ना ५ ख ८७४७ बनेको सालः- २०१५ च्यासिस नं:- MAT453514F8D10185 इन्जिन नं:- 497TC92DVY816266
५	हायर पर्चेज कर्जा	**ऋणीको नामः मिठु सुनार** ना.प्र.प.नं. (जारी मिति/स्थान): २१५३-६४३ (२०५०/०५/२७/बाग्लुङ्ग) बाजेको नामः चन्द्र लाल सुनार बाबुको नामः हेमलाल सुनार ठेगानाः बाग्लुङ्ग जिल्ला, नरेठाँटी गा.वि.स, वडा नं. २ हाल परिवर्तित बाग्लुङ्ग जिल्ला, गल्कोट न.पा., वडा नं. २ ।	**व्यक्तिगत जमानतकर्ता** **खेम बहादुर सुनार** ना.प्र.प.नं. (जारी मिति/स्थान): १९५०२९ (२०६१/०६/०६/बाग्लुङ्ग) बाजेको नामः मन बहादुर सुनार बाबुको नामः ओम बहादुर सुनार ठेगानाः बाग्लुङ्ग जिल्ला, हरिचौर गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भई हाल बाग्लुङ्ग जिल्ला, बाग्लुङ्ग न.पा वडा नं. २, महेन्द्रपथ ।	धनी एनएमबि बैंक लि. (साबिक ओम डेभलपमेन्ट बैंक लि.)/ऋणी **मिठु सुनार**को नाममा धवलागिरी अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः **सवारीसाधनको विवरणः** कम्पनीः टाटा मोटर्स, भारत मोडलः INDICA EV2 XETA, निजी कार बनेको सालः २०१६ सवारी दर्ता नंः ध १ ज ७४४ च्यासिस नंः MAT600284GPF17883 इन्जिन नंः 4759SJ72FTYP21511

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values
एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार ११ फागुन ०८०

सौर्य ऊर्जाको २० मेगावाट विद्युत् राष्ट्रिय प्रसारणलाइनमा

बाँकेमा **विश्वराज पछल्डङ्ग्या**

खजुरा गाउँपालिका-८, रनियापुरमा सौर्य ऊर्जाबाट २० मेगावाट विद्युत् उत्पादन गरिएको छ। पियोर इनर्जी लिमिटेडले उत्पादन गरेको सौर्य ऊर्जा नेपाल विद्युत् प्राधिकरण केन्द्रीय प्रसारणलाइनको कोहलपुरस्थित सबस्टेसनमा जोडिएको छ।

दुई भागमा विभाजन भएको पियोर इनर्जीको यस परियोजनामा पहिलो र दोस्रो भागबाट १०-१० मेगावाट विद्युत् उत्पादन गरी लगभग १६ किलोमिटरको ३३ केभी (किलो भोल्ट) डबल सर्किट ट्रान्समिसन लाइनमार्फत कोहलपुर सबस्टेसनमा जडान गरिएको कम्पनीका कार्यकारी प्रमुख प्रवीण अर्यालले जानकारी दिए।

पियोर इनर्जीको यस सोलार परियोजना लगभग ४३ बिघामा फैलिएको छ। २१ बिघा क्षेत्रको पहिलो भागमा ६ सय ५५ र ६ सय ६० वाटका करिब १९ हजार सोलार प्यानल र २२ बिघा क्षेत्रको दोस्रो भागमा ६ सय ४० र ६ सय ४५ वाटका करिब १९ हजार सोलार प्यानल जडान गरिएको छ। उनले 'दुवै भागबाट विद्युत् उत्पादन भई प्राधिकरणको केन्द्रीय प्रसारणलाइनअन्तर्गत कोहलपुरस्थित सबस्टेसनमा जोडिएर वितरण सुरु भइसकेको छ।'

यस परियोजनामा दुवैतर्फबाट विद्युत् उत्पादन हुने अत्याधुनिक बाई-फेसियल मोडलको सोलार प्यानल जडान गरिएको प्रोजेक्ट म्यानेजर जितेन्द्र तिवारीले बताए। 'यहाँ जडान भएका सोलार प्यानल हाई इफिसियन्सी भएको नयाँ प्रविधिका हुन्। माथिल्लो भागबाट मात्र नभई तल्लो भागबाट समेत सूर्यको किरण लिन सक्ने क्षमता भएका सोलार प्यानल हुन्,' तिवारीले भने।

पियोर इनर्जीको परियोजनाबाट उत्पादित विद्युत् खरिदका लागि कम्पनी र प्राधिकरणबीच १२ मंसिर ०७८ मा भाग-१ तथा भाग-२ का लागि २५ वर्षे अवधि रहेका छुट्टाछुट्टै विद्युत् खरिद-बिक्री सम्झौता भएको थियो। 'दुवै भागबाट लगभग एक करोड ३४ लाख रुपैयाँबराबरको विद्युत् सरकारलाई उपलब्ध गराएका छौं,' अर्यालले भने। सुक्खायाममा हुने लो भोल्टेज र लोडसेडिङको समस्यालाई केही हदसम्म न्यूनीकरण गर्न यो आयोजनाले सहयोग



गर्ने उनको भनाइ छ। परियोजनामा नबिल बैंक र स्ट्यान्डर्ड चार्टर्ड बैंकले ऋण सुविधा प्रदान गरेको छ। यो आयोजना सञ्चालन गर्न पेट्रोलियम पदार्थको आवश्यकता नपर्ने भएकाले कार्बन उत्सर्जन न्यूनीकरणमा समेत सहयोग पुऱ्याउने उनले बताए।


झन्डै तीन मिटर दूरीमा लाइन मिलाएर सोलार प्यानल राखिएका कारण प्यानलमुनिको खाली जमिनमा खेती गर्ने योजना रहेको उनले बताए। 'कुन र कस्तो प्रकृतिको खेती गर्न सकिन्छ भन्ने विषयमा अध्ययन भइरहेको छ। अध्ययन सकिएपछि खेती सुरु गर्छौं,' उनले भने।

बंगलादेशसँग पिपिए दरमा जुटेन सहमति

प्राधिकरणको प्रस्ताव मूल्य महँगो भएको बंगलादेशको प्रतिक्रिया, भारतसँग लिएबराबर मूल्य नै लिने नेपालको अडान

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् खरिद-बिक्रीदरबारे ठोस सहमति नभएपछि नेपाल विद्युत् प्राधिकरणको टोली बंगलादेशबाट नेपाल फर्किएको छ। विद्युत् खरिद-बिक्रीदरलाई अन्तिम टुंगोमा पुऱ्याएर सम्झौता गर्न प्राधिकरणको टोली बुधबार बंगलादेश गएको थियो। तर, बिहीबार प्राधिकरण र पावर डेभलपमेन्ट बोर्ड (बंगलादेश)बीच भएको छलफलमा सहमति जुट्न नसकेपछि प्राधिकरणको टोली बिहीबार साँझ काठमाडौं आइपुगेको बैठकमा उपस्थित प्राधिकरणका एक अधिकारीले बताए।



स्रोतका अनुसार प्राधिकरणले प्रस्ताव गरेको मूल्य महँगो भएको प्रतिक्रिया बंगलादेशको छ। प्राधिकरणले बिडमा प्रस्ताव गरेको दर भने सार्वजनिक गरेको छैन। 'प्राधिकरणले प्रस्ताव गरेको दर र बंगलादेशले चाहेको दरमा केही अन्तर देखिएको छ। बिहीबारको बैठकमा यसबारे ठोस सहमति हुन सकेन,' बैठकमा उपस्थित एक अधिकारीले भने, 'बंगलादेशको बोर्डले पनि माथिल्लो निकायबाट सहमति लिनुपर्ने देखियो। यसबारे थप छलफल आवश्यक देखिएको छ। तर, ढिलो भने हुँदैन होला।'

गत आइतबार बंगलादेशको डेली अब्जर्भर मिडियाले पनि नेपालबाट प्रस्ताव गरेको दर महँगो भएको समाचार प्रकाशित गरेको छ। बैठकमा उपस्थित नेपालका एक अधिकारीले पनि मूल्यको विषय गम्भीर रूपमा देखापरेको बताए। 'मिलनविन्दुमा जान सक्ने ठाउँ भने छ। तर, बिहीबारकै बैठकमा यसबारे सहमति जुटेन,' उनले भने। यद्यपि, बंगलादेश नेपालबाट विद्युत् किन्न भने एकदमै इच्छुक रहेको स्रोतको भनाइ छ। थप छलफल गरेर यसबारे सम्झौता गर्ने उनले बताए।

विभिन्न चरणमा भएको अन्तरसरकारी समझदारीपश्चात् प्राधिकरणले भारतीय प्रसारणलाइन प्रयोग गरेर बंगलादेशमा ४० मेगावाट विद्युत् बिक्री गर्ने तयारी गरेको हो। त्यसको खरिद प्रक्रिया पूरा गर्न बंगलादेशले गत माघ दोस्रो साता ४० मेगावाट विद्युत् किन्ने गरी नेपालसँग प्रस्ताव मागेको थियो। त्यसलगत्तै प्राधिकरणले बंगलादेशमा प्रस्ताव पेस गरेको हो। त्यसलाई बिहीबारको छलफलमार्फत अन्तिम रूप दिने प्राधिकरणको योजना थियो। तर, बिहीबारको छलफल अन्तिम टुंगोमा पुग्न सकेन।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit
ग्लोबल रेमिट

■ भारतसँग लिने मूल्य दिनुपर्ने नेपाली अडान

नेपाल र बंगलादेशका अधिकारीबीच भएको छलफलमा प्राधिकरणले भारतबाट लिने मूल्य हाराहारीकै पिपिए दर निर्धारण गर्नुपर्ने अडान लिएको थियो। अहिले भारत र नेपालबीच ८.४० रुपैयाँ (५.२५ भारु)मा दुई सय मेगावाट विद्युत् मध्यकालीन मोडलमा खरिद-बिक्री भइरहेको छ। माघमा भारतले योभन्दा पनि बढी मूल्यमा थप चार सय मेगावाट विद्युत् किन्ने प्रस्ताव गरेको छ। सोही मूल्य हाराहारीमै विद्युत् किन्न बंगलादेशलाई प्रस्ताव गरेको प्राधिकरणका उपअधिकारीले जानकारी दिए। 'भारत र बंगलादेश हाम्रा मित्र राष्ट्र हुन्। एक-अर्कालाई फरक-फरक मूल्यमा विद्युत् बिक्री गर्न नैतिक रूपमा पनि मिल्दैन,' उनले भने, 'भारतले प्रस्ताव गरेको नयाँ रेटमै विद्युत् किन्दा हामीलाई सहज हुन्छ भनेका छौं। यसलाई अर्को छलफलमार्फत टुंगो लगाउँछौं।'

■ आउँदो बर्खाबाटै निर्यात गर्ने दाबी

यद्यपि, प्राधिकरणले बिहीबारको वार्ता सकारात्मक भएको बताएको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले एकदमै सकारात्मक रूपमा वार्ता अघि बढेको बताए। आगामी वर्षायामबाटै बंगलादेशमा विद्युत् निर्यात गर्ने गरी जतिसक्दो छिटो विद्युत् बिक्री सम्झौता गरिने उनको भनाइ छ।

विद्युत् बिक्री सम्झौतामा राखिने हरेक बुँदाहरूको विस्तृत छलफल भएको र यसलाई अन्तिम रूप दिएर छिट्टै सम्झौता गर्ने सहमति भएको उनले बताए। 'बोर्डले त्यहाँको नियमन कानुनबमोजिम हामीसँग माग गरेअनुसार विद्युत् बिक्रीको परिणामसहितको बोलपत्र पेस गरेका थियौं, हामीले पेस गरेका प्रस्ताव र सम्झौतामा राखिने बुँदाहरूमा विस्तृत रूपमा छलफल गऱ्यौं,' उनले भने, 'बोर्डले पनि माथिल्लो निकायबाट स्वीकृति लिनुपर्ने रहेछ, स्वीकृतिलगायत प्रक्रिया जतिसक्दो छिटो सम्पन्न गरेर आगामी वर्षायामबाटै नेपालबाट विद्युत् खरिद गर्ने गरी सम्झौता गर्ने सहमति जुटेको छ।'

प्राधिकरणले हरेक वर्ष १५ जुनदेखि-१५ नोभेम्बरसम्म वर्षायामका ६ महिनामा ४० मेगावाटसम्म विद्युत् निर्यातका लागि बंगलादेशसमक्ष प्रस्ताव पठाएको छ। विद्युत् बिक्री सम्झौता पाँच वर्षको गर्न लागिएको छ। नेपालले ढल्केबर-मुजफ्फपुर चार सय केभी अन्तरदेशीय प्रसारणलाइनमार्फत भारतको बरमपुर-भेरामारा प्रसारणलाइनबाट विद्युत् निर्यात गर्ने गरी सम्झौता हुनेछ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८०/११/११

